स्वास्थ्य मापदण्डको पालना गरी विद्यालय, क्याम्पसलगायतका शैक्षिक संस्था सञ्चालनमा सहयोग पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

prateekdaily.com



Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ फागुन ०९ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 February 21 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १७७

## मकैखेतीमा फौजी कीराको प्रकोप बढ्दो

प्रस, पर्सागढी, ८ फागुन/

पर्सागढी नगरपालिकामा किसानहरूले लगाएको मकैखेतीमा फौजी कीराको प्रकोप बढेको छ ।

मकैमा देखिएको फौजी कीरा रात्रिचर भएको कृषि शाखाका नायब प्राविधिक सहायक शिवपूजन महतोले बताए। उनले दिनभरि यो कीरा माटोमुनि बस्ने र रात परेपछि मकैबालीलाई हानि पुऱ्याउने गरेको बताए। पर्सागढीमा देखिएको रात्रिचर कीराले मकैबालीलाई मुख्यरूपमा प्रभावित पारेको छ । मकैखेतीको अलावा यो कीराले धान, गहुँ, जुनेलो, कोदो, उखु, तरकारी खेतीसमेतलाई पनि मौसम अनुसार क्षति पुऱ्याउने गरेको महतोले बताए ।

वाई आकारको सेतो रङको धर्सा हुने र पेटको अन्तिमतिर आठौं खण्डमा कालो रङको सातवटा थोप्ला देखिने कीरालाई फौजी कीरा सम्झनुपर्ने उनले बताए । यसका साथै अन्य खण्डमा ठूलो रङका चारवटा थोप्ला समलम्ब चतुर्भुज आकारमा देखिने उनले बताए ।

फौजी कीराले कलिलो अवस्थाको मकैको गुहोभित्र प्वाल पारेर पस्ने र बाली खाने गर्दछ । बिरुवा हुर्कदै जाँदा मकैको दाना, चमरा, जुँगा र घोगामा समेत पसेर यसले नोक्सान गर्ने गरेको महतोले बताए । फौजी कीरा लाग्नबाट नियन्त्रण गर्न मकै रोप्नुअगाडि गहिरो खनजोत गर्ने र मकैको एक बाली लगाउनु अगावै मास, मुङ जस्ता कोसेबाली बाली र मिश्रित बाली लगाउँदा यो कीराको प्रकोप कम हुने महतोले बताए ।

फौजी कीरा लागेका किसानहरूले स्पाइनेटोराम ११.७ एससी एक मिली प्रतिदुई लिटर पानीमा वा स्पाइनोस्याड ४५ एससी एक मिली प्रतितीन लिटर पानीमा अथवा इमामेक्टिन बेन्जोएट ५ एसजी एक मिली प्रतिअढाई लिटर पानीमा हालेर स्प्रे गर्दा फौजी कीरा नियन्त्रण हुने प्राविधिक महतोले बताए । उनले माथि लेखिएका औषधि प्रयोग गर्दा एकपटक एउटा औषधि र अर्कोपटक अर्को औषधि प्रयोग गर्दा फौजी कीरा नियन्त्रण हुने र एकै प्रकारको औषधि दुईपटक प्रयोग नगर्न सुझाएका छन् ।

यो कीराको पाचन प्रक्रिया बलियो हुने र यसले बढी क्षति पुऱ्याउने हुनाले किसानहरू समयमैं सजग हुनुपर्ने उनको सुझाव छ ।



मकैबालीमा फौजी कीराको प्रकोप बढेपछि कीटनाशक औषधि छर्दैं । तस्वीरः प्रतीक

## वीउवासङ्घको टोलीद्वारा भन्सार महानिर्देशकसँग भेटघाट

## नेपालराष्ट्र बैंकको परिपत्रले व्यवसाय धराशयी –अध्यक्ष गुप्ता

प्रस, वीरगंज, ८ फागुन/

वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुबोधकुमार गुप्ता नेतृत्वको टोलीले काठमाडौंमा भन्सार विभागका महानिर्देशक कमलप्रसाद भट्टराईसँग भेटघाट गरेको छ ।

महानिर्देशक भट्टराईको कार्यकक्षमा भएको भेटघाटमा अध्यक्ष गुप्ताले नेपालमा केही वस्तुहरूको आयातमा शतप्रतिशत मार्जिन राख्नुपर्ने गरी नेपाल राष्ट्र बैंकबाट जारी परिपत्रका कारण भन्सार जाँचपास प्रभावित भएको बताए। उनले वीरगंज भन्सार, कोलकाता र विशाखापट्टनम बन्दरगाहमा नेराबैंकको परिपत्रका कारण चार हजारभन्दा बढी कन्टेनर थन्किएको बताए। उनले परिपत्र अगावै सिपमेन्ट भइसकेका मालवस्तुहरू पुरानै प्रावधान बमोजिम भन्सार जाँचपास गरी नेपाल भित्र्याउने वातावरण बनाउन आग्रह गरे ।

साथै उनले नेराबैंकले आयात हुने ४७ वटा सङ्केत नम्बरका वस्तुहरूमा शतप्रतिशत र ५० प्रतिशत मार्जिन राखेर मात्रै आयात गर्ने प्रावधान लागू गरेकोमा आपत्ति व्यक्त गरे । उनले ४७ वटा सङ्केत नम्बरका वस्तुहरूमा विलासिताका वस्तुहरू किटान गरी बाँकी रहेका वस्तुहरूको हकमा सुधार गर्नुपर्ने भन्दै महानिर्देशक भट्टराईको ध्यानाकर्षण गराए। उनले शतप्रतिशत मार्जिन राखेर सानो आयातकर्ताहरूलाई ससानो रकम तिरेर वस्तु आयात गर्नु कठिनाइ भइरहेकाले आपूर्ति व्यवस्थासमेत असहज र असन्तुलित भएको बताए । उनले भन्सार राजस्व भुक्तानी विद्युतीय माध्यमबाट गर्ने प्रावधान गरेकोमा स्वागतयोग्य भएको जिकिर गरे। उनले भुक्तानीको लागि तत्काल विद्युतीय माध्यमका साथै म्यानुअल सँगसँगै लग्ने र छ महीना वा एक वर्षपछि म्यानुअललाई विस्थापित गर्नुपर्ने सुझाव पनि दिए ।

अध्यक्ष गुप्ताले सिमेन्ट उद्योगका लागि आवश्यक कच्चा पदार्थ क्लिङ्कर र फ्लाइएस आयातमा भारतले कुनै शुल्क नलगाएको तर नेपालमा प्रतिहजार टनको हिसाबले शुल्क लिने गरेकोले सिमेन्ट उद्योगहरूले आफ्नो उत्पादन आम जनतालाई सस्तो दरमा उपलब्ध गराउन नसकेकोमा पनि ध्यानाकर्षण गराउँदै सोबारे विचार पुऱ्याउन आग्रह गरे । अध्यक्ष गुप्ताले आयातसम्बन्धी बैंकले मार्जिन डिपोजिटबापत अग्रिम भुक्तानीसरह आयातकर्ताको खाताबाट १० प्रतिशत रकम रोक्का राख्ने वा कट्टा गर्दै आएको भन्दै बैंकहरूले भन्सार राजस्व भुक्तानीसम्बन्धी चेक जारी नगरे पनि १० प्रतिशत मार्जिन रकम भनी आयातकर्ताको खाताबाट कट्टा गर्ने वा खातामा रोक्का राख्ने गरिएकोमा पनि आपत्ति जनाए। उनले यस्तो परिपाटीलाई अन्त्य गर्न महानिर्देशकको ध्यानाकर्षण गराए । वीरगंज भन्सार, आइसिपी, आइसिडीमा एम्बुलेन्स, वारुणयन्त्र, वाइफाई जोन र सुरक्षाको व्यवस्थाको साथै सौन्दर्यीकरणको लागि पनि पहल गर्न महानिर्देशकलाई सुझाए ।

महानिर्देशक भट्टराईले निजी क्षेत्रको माग र गुनासोलाई चाँडो सम्बोधन गर्ने आश्वासन दिए । उनले नीतिगत समस्याको हकमा आवश्यक गृहकार्य गरी संशोधन र परिमार्जन गर्नेतर्फ प्रभावकारी भूमिका निर्वाह गर्ने बताए ।

कार्यक्रममा सङ्घका वरिष्ठ उपाध्यक्ष अनिलकुमार अग्रवाल, उपाध्यक्ष हरि गौतम, महासचिव मनोजकुमार दास, सहकोषाध्यक्ष प्रेमचन्द्र गोयललगायत सहभागी थिए ।



भन्सार विभागका महानिर्देशक कमलप्रसाद भट्टराईलाई ध्यानाकर्षणपत्र बुझाउँदै वीउवासङ्घको टोली । तस्वीरः सौजन्य

## एचआइभीपीडितहरूको लागि सम्मानगृह खुल्यो

प्रस, वीरगंज, ८ फागुन/

जिल्ला स्वास्थ्य कार्यालय, पर्साका निमित्त स्वास्थ्य प्रमुख नवलकिशोर साहले एचआइभीपीडितहरूको लागि सम्मानगृहको उद्घाटन गरेका छन् ।

सहयात्री समाजको समन्वयमा सेभ द चिल्ड्रेनको लगानीमा वीरगंज बसपार्कस्थित फूलबारी टोलमा सञ्चालित सम्मानगृहको वीरगंजमा आयोजित कार्यक्रममा उनले उद्घाटन गरेका थिए। सो अवसरमा उनले विभिन्न कारणबाट घर समाजबाट पीडित र हिंसाको शिकार भएर अपहेलित हुनुपरेका एचआइभी सङ्क्रमितहरूलाई उपचारसहितको आवासीय व्यवस्था गरिनु असल कार्य भएको बताए। उनले यो कार्यको लागि आर्थिक सहयोग दिने सेभ द चिल्ड्रेन र सहकार्य गर्ने सहयात्री समाजलाई धन्यवाद दिए ।

सहयात्री समाज, पर्साका संयोजक सुरज लिम्बुले चार वर्षअघि गरिएको तथ्याङ्क अनुसार एचआइभी सङ्क्रमित भएर नियमित औषधि खानेको सङ्ख्या एक हजार ८२ रहेको बताए । उनले पुरानो यो तथ्याङ्कमा अहिले धेरै थप भएको हुन सक्ने अनुमान गरे । विभिन्न कारणले घरपरिवार, समाजबाट अपहेलित हुनु नपरोस् भनेर जनचेतना र उपचारको क्रममा गोपनीयताको कारण समाजमा थुप्रै सङ्क्रमित लुकेर बसेको हुन सक्ने बताए । उनले खुलेर औषधिसेवन गर्न सक्ने वातावरण सिर्जना गराएको खण्डमा सङ्क्रमितको सङ्ख्या बढ्ने अनुमान गरे ।

सम्मानगृहमा सङ्क्रमितहरूको उपचार र आवासीय व्यवस्था मिलाइएको र यसमा हिंसापीडितहरूलाई मूलरूपमा आश्रय दिने लक्ष्य रहेको बताए ।




तस्वीरः प्रतीक

## सुक्खा बन्दरगाह भन्सारमा तोरी, भटमासको पिना होल्ड

राधेश्याम पटेल, परवानीपुर, ८ माघ/

वीरगंजस्थित श्रीसिया सुक्खा बन्दरगाह भन्सार कार्यालयमा करीब १६ करोड मूल्यबराबरको तेल उत्पादन गर्ने कच्चा पदार्थ अलपत्र परेको छ ।

करीब एक महीनादेखि ७० कन्टेनर कच्चा पदार्थ अलपत्र परेको भन्सार कार्यालयमा रहेको प्लान्ट क्वारेन्टाइन शाखाले जनाएको छ। वीरगंजका तीन वटा ट्रेडिङ फर्मको तोरी, भटमासको पिना रोकिएको प्लान्ट क्वारेन्टाइन शाखाका प्राविधिक सहायक रामनरेश साहले जानकारी दिए ।

आयातकर्ताले विदेशबाट आयात गरेको वस्तुको इन्ट्री परमिटमा ननजिएमओ प्रमाणपत्र पेश नगरेका कारण कृषि तथा पशुपक्षी मन्त्रालय मातहतको प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र काठमाडौंको निर्देशनमा प्लान्ट क्वारेन्टाइन शाखा सुक्खा बन्दरगाहले उक्त सामान रोकेको हो ।

सुक्खा बन्दरगाह भन्सारले वीरगंजको रिलायन्स ट्रेड सोलुशन प्रालिका तीनवटा कन्साइन्मेन्टको ५२५ दशमलव ५ टन तोरी र सोही फर्मको ५५० टन भटमासको पिना, रक्षम इन्टरनेशनल प्रालिको ५६० टन भटमासको पिना र तपन इन्टरप्राइजेज प्रालिको १२५ टन भटमासको पिना गरी कुल एक हजार ७७० टन कच्चा पदार्थ रोकेको हो ।

यी वस्तुको विदेशमा खरीद मूल्य प्रतिटन करीब ७५० अमेरिकी डलर रहेको छ । तोरी अस्ट्रेलिया र क्यानडाबाट आयात गरिन्छ भने भटमासको पिना ब्रजील र अर्जेन्टिनाबाट आयात गरिन्छ। यी देशलगायत ३१ वटा मुलुकबाट तेल उत्पादनका कच्चा पदार्थ पैठारीमा ननजिएमओ प्रमाणपत्र आवश्यक गरिएको छ। जिएमओ भनेको अनुवंश परिमार्जित सामग्री (जेनेटिकली मोडिफाइड अर्गानिज्म) हो ।

कृषि मन्त्रालयले गत वैशाख ५ गतेको मन्त्रीस्तरीय निर्णयको आधारमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रले निकासीकर्ता मुलुकहरूमा जिएमओहरूको व्यापक खेती भइसकेको सन्दर्भमा नेपाल पैठारी हुने कन्साइन्मेन्टसमेतमा जिएमओ हुन सक्ने भएकोले सोबाट बिरुवाको स्वास्थ्य तथा जैविक सुरक्षामा समेत जोखिम बढ्ने कुरालाई मध्यनजर गर्दै सम्भाव्य बिरुवाजन्य वस्तुको ननजिएमओ प्रमाणपत्र पेश गरेर मात्र आयात अनुमति दिइनुपर्छ भनेर विभिन्न भन्सार शाखाका प्लान्ट क्वारेन्टाइन शाखाहरूलाई परिपत्र गरेपछि आयात अनुमति नदिइएको

(बाँकी पाँचौं पातामा)




तस्वीरः प्रतीक

## सिम्रौनगढमा लोसपाको अधिवेशन सम्पन्न

प्रस, सिम्रौनगढ, ८ फागुन/

सिम्रौनगढमा लोकतान्त्रिक समाजवादी पार्टी नेपालको वडा अधिवेशन सम्पन्न भएको छ ।

लोसपाका नगर अध्यक्ष किशोरप्रसाद साहले अधिवेशन उद्घाटन गर्दै ऐतिहासिक, धार्मिक पर्यटकस्थल सिम्रौनगढको विकासमा नेताहरूले चासो नदेखाएको आरोप लगाए । उनले नेताहरूले सिम्रौनगढको विकासका लागि भाषण मात्र दिने गरेको तर विकास गर्ने कुरामा भने अगाडि नबढेको आरोप लगाए । उनले आगामी स्थानीय निर्वाचनमा लोसपाको जीत भए सिम्रौनगढको समग्र विकासमा सघाउने प्रतिबद्धता जाहेर गरे । कार्यक्रममा लोसपाका केन्द्रीय सदस्य डा कमरुल्लाह अन्सारी, स्थानीय नेताहरू परमानन्द मुखिया, ध्रुवप्रसाद यादव, राजेश यादव, रामबाबूप्रसाद यादव, शेख मोतिन, शत्रुघ्न प्रसादलगायतले अधिवेशन सफलताको लागि शुभकामना व्यक्त गरे। अधिवेशन उद्घाटन समारोह मोनाफ अन्सारीको अध्यक्षतामा भएको थियो भने स्वागत दिनेश कुशवाहा र सञ्चालन सियाराम यादवले गरेका थिए ।



तस्वीर : प्रतीक

## विचारसार र सूक्तिहरू

कुकर्मबाट बच्नु नै लज्जा हो ।

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

## तोरीखेती

पर्सेली किसानले यस वर्षको तोरी फसल बेचेर नगद भित्र्याए । असोज/कात्तिक महीनामा छरेर माघ महीनामा पाक्ने तोरी पर्साका उत्तर–पश्चिम क्षेत्रका किसानहरूको लागि परम्परागत प्रमुख नगदेबाली हो । परम्परागत यस अर्थमा कि दशकौं पहिले जसरी तोरीखेती गरिन्थ्यो, आज पनि यहाँ तोरीखेती गरिने तरीका उही छ । फरक यति छ कि हिजो हल–गोरु लगाएर खेत जोतिन्थ्यो, दाइ गरिन्थ्यो भने आज हल–गोरुको सट्टा टयाक्टर प्रयोग गरेर तोरी छर्ने र दाइ गर्ने गरिन्छ । तोरी छर्ने, बीउ छनोट गर्ने, मलको प्रयोग, शत्रुजीव नियन्त्रण गर्नेलगायतमा पुरानै तरीका छ । यसरी गरिँदै आएको तोरीखेतीलाई आधुनिकीकरण गर्न र उत्पादन बढाउनका लागि सरकारी निकायहरू कहींकतैबाट पनि प्रभावकारी काम हुन सकेको छैन । जिल्लाको सुदूर पश्चिमस्थित ठोरी पालिका क्षेत्र र जिल्लाको उत्तरी थरुहट क्षेत्रका केही बस्तीका लागि तोरीखेती, केवल खेती मात्रै नभएर जीवन जिउने आधार पनि हो । उक्त क्षेत्रहरूमा सडक, बिजुली तथा सडक सञ्जाल बिस्तार नहुँदाको अवस्थमा प्रतिव्यक्ति आम्दानी अति न्यून थियो । अधिकांश किसान परिवार गरीबीको रेखामुनि थिए । उनीहरूलाई परिवारको भरण, पोषण तथा शिक्षा, स्वास्थ्य र चाडपर्व मनाउन गाह्रो थियो । उनीहरूले साहुबाट ऋण काढ्नै पर्ने बाध्यता हुँदा तोरीको भाखा राख्थे । ऋणको साँवा तिर्न नसक्ने बहुवर्षीय भाखा राखेका ऋणीहरूले ब्याज तिर्न पनि 'तोरी ब्याज' भनेर तमसुक गर्ने चलन थियो ।

उतिबेला नगदेबालीको रूपमा एकमात्र तोरीखेती हुने भएकोले त्यसैको आस र भरोसामा किसानको जीवन चलिरहेको हुन्थ्यो । आज त्यस क्षेत्रमा नगदेबालीको रूपमा सुर्ती पनि छ । सडक सुविधाका कारण धान, मकै, गहुँ, खुर्सानीलगायतका बालीहरू पनि नगदेबालीको रूपमा उदाउँदो छ । तर अन्य बाली र तोरीबालीको प्रसङ्ग अलि फरक छ । अन्य बाली परम्परागतबाट आधुनिकतातर्फ पाइला सारी रहेका छन् । जस्तै मकैको जात हाइब्रिड प्रयोग हुन थाल्यो । परम्परागतरूपमा खेती गर्दा एक क्वीन्टल फसल फल्न नसक्ने क्षेत्रफलमा आज १० क्वीन्टलभन्दा बढी फल्न थाले । गहुँ, मकै, धानलगायतका अन्न बालीहरूको बीउबिजन, सिंचाइ, मलखाद, बाली रोप्ने र भण्डारण गर्ने तरीकामा आधुनिक सीपको प्रयोग हुन थालेको छ । तोरीखेती भने पुरानै अवस्थामा छ । समय अनुकूल यसलाई पनि उन्नत तरीका अपनाउन सके तोरीले परम्परागत अवस्थाको भन्दा दशौं गुना बढी फाइदा दिन सक्छ ।

खलियानबाटै किलोको १२५ रुपैयाँको दरले यतिबेला तोरी बिक्री भइरहेको छ । व्यापारीहरू खेतमैं पुग्छन् । जिल्लाको करीब पाँच हजार ५६० हेक्टर जमीनमा तोरीखेती हुन्छ । यसको फसल उत्पादन भने प्रतिहेक्टर करीब १.३ मेट्रिक टन मात्रै छ । यसलाई पनि उत्पादन वृद्धि भएको मानिरहेका छौं । चितवनलगायतका जिल्लामा हरेक तोरी किसानलाई सरकारी अनुदान उपलब्ध छ । तोरीखेती गर्दा माटोमा मिसाउने सल्फर, क्याल्सियम, बोरोनलगायत सूक्ष्म खाद्य तत्त्वमा ५० प्रतिशत अनुदान दिइएको छ । पर्सा र बाराको क्षेत्रमा यो व्यवस्था औपचारिकतामा मात्रै सीमित छ । यसलाई वास्तविक किसानसम्म पुर्‍याउन सके तोरीको उत्पादनमा अझ वृद्धि गर्न सक्ने देखिन्छ ।

# राष्ट्र निर्माणमा युवाहरूको योगदान

शिक्षा नेपाल



अनन्तकुमार लाल दास
anantlaldas@gmail.com

**युवावस्था जीवनको त्यो खण्ड हो, जसमा ताकत र जे पनि गर्न सक्ने भावना हुन्छ । कुनै पनि परिस्थितिबारे युवाहरूमा आफ्नै किसिमको दृष्टिकोण हुन्छ । जुन बेला समझदारी र परिपक्वताका साथ युवाहरूमा पागलपन समाप्त हुन थाल्छ त्यो युवावस्था अन्त हुने सङ्केत हो ।**

युवावर्गमा समाजको त्यो क्षेत्र पनि सामेल छ जुन विकसित हुँदै गरेको कोपिला हो र राष्ट्रको भाग्य परिवर्तन गर्ने वाहक पनि । यो बाल्यावस्थादेखि वयस्क बन्ने बीचको चरण हो । अहिलेका विद्यार्थीहरू नै भोलिका नागरिक हुन् । उनीहरूको काँधमा देश निर्माण र विकासको दायित्व हुन्छ । यस अर्थमा कुनै पनि देशका युवाहरू त्यस देशको शक्तिका अथाह सागर हुन्छन् । उनीहरूमा उत्साहको असीम स्रोत हुन्छ । आवश्यकता के कुराको छ भने उनीहरूको शक्तिको उपयोग सिर्जनात्मक कार्यमा होस् अन्यथा उनीहरू आफ्नो शक्ति विध्वंसक कार्यमा लगाउन सक्छन् । हिजोआज विश्व रङ्गमञ्चमा अनेकौं यस्ता समाचार दिनहुँ प्रकाशित भइरहेको छ । आवश्यक र अनावश्यक माग लिएर उनीहरूमा आक्रोश बढिरहेको छ । यदि विद्यार्थीहरूको यस ऊर्जालाई सिर्जनात्मक कार्यमा लगाउन सकियो भने कुनै पनि देशको कायापलट हुन बेर लाग्दैन । हुनत हरेक मानिस जीवनको यस मोडबाट गुज्रिन्छ । यदि यस समयलाई सही तरीकाले उपयोग गरियो भने यो चरण वास्तवमा रोमाञ्चक साबित हुन्छ, किनभने यो समय केही नौलो गर्ने अतिरिक्त चाहनाले भरिएको हुन्छ ।

कुनै पनि देशमा बसोवास गर्ने मानिस राष्ट्र विकास र प्रगतिका लागि स्वयं जिम्मेवार हुन्छ । कुनै पनि राष्ट्रमा कुल २०–३० प्रतिशत हिस्सा युवा जनसङ्ख्याले ओगटेको हुन्छ । श्रमशक्ति, खासगरी युवाले कुनै पनि राष्ट्रको प्रगतिको निर्धारण गर्दछ । राष्ट्रको प्रगति धेरै कुराले निर्धारित हुन्छ; यथा– विज्ञान, प्रविधि, सुशासन, स्वास्थ्य प्रबन्धन र अन्य भौतिक पूर्वाधार विकासद्वारा । युवा शक्तीकरणबाट यी पूर्वाधार जाग्रत गराई सामाजिक, शैक्षिक र आर्थिक प्रगति सम्भव हुन्छ । युवाहरूको विकास र प्रशिक्षणमा ध्यान दिनुपर्छ । युवाहरूलाई समृद्ध हुनको लागि उचित शिक्षा र सीप विकास आवश्यक हुन्छ । युवाहरूमा काम गर्ने क्षमता हुन्छ । उनीहरूमा असीम उत्साह र सफलता हासिल गर्ने जोश हुन्छ ।

यहींनिर के प्रश्न उठ्छ भने आज विद्यार्थीहरूमा देखा पर्ने असन्तोषको के कारण हो ? उनीहरू किन आफ्नो शक्ति दुरुपयोग गरिरहेका छन् र कसका लागि ? यस्ता केही विचारणीय प्रश्नको जवाफ खोतल्नुपर्छ । यसको पहिलो कारण त आधुनिक शिक्षा प्रणाली दोषयुक्त हुनु हो । यस शिक्षा प्रणालीले विद्यार्थीहरूमा बौद्धिक विकास भइरहेको छैन । यस प्रणालीले विद्यार्थीहरूलाई व्यावहारिक ज्ञान दिंदैन । परिणामस्वरूप देशमा शिक्षित बेरोजगारीहरूको सङ्ख्या दिनानुदिन वृद्धि भइरहेको छ । यसबाट विद्यार्थीहरूमा, पढेलेखेर पनि बेरोजगारको सामना गर्नैपर्छ भन्ने भावना प्रबल हुँदै गएकोले उनीहरू अध्ययनप्रति लापरवाह हुन थालेका छन् । त्यहीं अर्कोतिर राजनीतिक दलहरूको प्रभावले गर्दा पनि उनीहरूमा असन्तोषको सिर्जना भइरहेको छ । केही स्वार्थी र अवसरवादी राजनीतिज्ञहरूले आफ्नो स्वार्थको लागि विद्यार्थीहरूलाई प्रयोग गरिरहेका छन् । यसबाहेक आजका विद्यार्थीहरू परिश्रम गर्न चाहँदैनन् र अल्छी पनि भएका छन् । उनीहरूले येन–केन–प्रकारेण डिग्री हासिल गर्ने लक्ष्य बनाएका छन् । साथै समाजको हरेक वर्गमा फैलिएको असन्तोषले विद्यार्थीहरूमा कुण्ठा बढाएको छ ।

आज गुणस्तरीय शिक्षा धेरैजसो युवाहरूको पहुँच बाहिर छ । जो पढेलेखेका छैनन्, उनीहरू सही मार्ग निर्देशनको अभावमा गलत बाटोमा अग्रसर भइरहेका छन् । केही केटाकेटी जन्मजात प्रतिभाशाली हुन्छन् तर संसाधनको कमी वा उचित प्रशिक्षण नहुँदा उनीहरू आफ्नो प्रतिभा र चाहना गुमाउन बाध्य छन् । यसर्थ खाँचो प्रत्येक केटाकेटीलाई उचित शिक्षाको सुविधा प्रदान गर्ने रहेको छ । उनीहरूको लागि अविलम्ब प्रशिक्षण र सीपमूलक कार्यक्रम प्रारम्भ गर्ने खाँचो रहेको छ सँगसँगै उनीहरूलाई कैयन प्रकारको अवसर दिनुपर्छ । उनीहरूलाई निर्णय लिने प्रक्रिया र राजनीतिक मामिलाहरूमा समानरूपले भागीदार बन्ने मौका दिनुपर्छ । आजका विद्यार्थी जति प्रबुद्ध, दक्ष, सक्षम र प्रतिभासम्पन्न हुन्छन् देशको भविष्य त्यतिकै उज्ज्वल हुन्छ । दक्ष जनशक्तिलाई काम दिन अनेक प्रकारका स्वरोजगार कार्यक्रम सञ्चालन गर्नुपर्छ । यसरी विद्यार्थीहरूको काँधमा कैयन प्रकारका दायित्व हुन्छ जसको निर्वाह गर्दै उनीहरू राष्ट्र निर्माणमा महत्त्वपूर्ण योगदान दिन सक्छन् ।

यो विज्ञानको युग हो । जुन देशको विकास जति छिटो हुन्छ, त्यो देश त्यतिकै शक्तिशाली बन्छ । यस कारण हाम्रो देशका विद्यार्थीहरूले पनि नौलो अनुसन्धानको ढोका खोल्नुपर्छ । चिकित्साको क्षेत्रमा अध्ययनरत विद्यार्थीहरू औषधि र सर्जरीको क्षेत्रमा नयाँ अनुसन्धान गर्न सक्छन् । उनीहरू मानव जीवनलाई सुरक्षित र स्वस्थ बनाउने प्रयास गर्न सक्छन् । यसैगरी इन्जिनीयरिङ पढ्ने विद्यार्थीहरू विभिन्न उद्योगका लागि चाहिने मेशीनहरूको विकासमा योगदान दिन सक्छन् । जीवनको लागि परिपक्व ज्ञान आवश्यक हुन्छ । आधाअधूरो ज्ञानले गम्भीरता आउँदैन बरु भ्रमको स्थिति बनिरहन्छ । यस कारण विद्यार्थीहरूले आफ्नो ज्ञानलाई परिपक्व बनाउने दिशामा काम गर्नुपर्छ र आफ्नो परिवारका अन्य सदस्यलाई पनि ज्ञान सम्पन्न बनाउन र देशको सांस्कृतिक सम्पदाको विकासमा, प्राप्त ज्ञानको सदुपयोग गर्नुपर्छ ।

विद्यार्थीले सम–सामयिक परिवेशप्रति सजग र सचेत भएर राष्ट्र निर्माणमा अहम् भूमिका खेल्न सक्छ । विश्व तीव्र गतिले विकास पथमा अग्रसर भइरहेको सन्दर्भमा हरेक क्षेत्रमा हुने प्रतिस्पर्धाको सामना गर्न तयार हुनुपर्छ । यस्ता प्रतिस्पर्धाहरूमा सामेल हुनको लागि आफ्नो वरिपरि हुने गतिविधिहरूप्रति सचेत भई अन्यलाई पनि सचेत हुन प्रेरित गर्नुपर्छ । मानिसको विकासको लागि बुद्धि र स्वस्थ–सकारात्मक चिन्तनको खाँचो हुन्छ । यस्ता गुणहरूको विकास नैतिक विकासमाथि निर्भर रहने हुँदा आफू र नेपाललाई समृद्ध र सुखी बनाउनको लागि विद्यार्थीहरूले नैतिक बलको वृद्धि गर्दै समाजमा नैतिक आदर्श प्रस्तुत गर्न सक्नुपर्छ ।

आजको विद्यार्थी समाजमैं बसेर शिक्षा हासिल गर्छ । पहिलेजस्तो गुरुकुलमा बस्नुपर्दैन । यसर्थ उनीहरूमाथि आफ्नो देश, परिवार र समाजको कैयन दायित्व थपिन्छ । जुन विद्यार्थीले आफ्नो दायित्वको निर्वाह गर्दछ उसलाई नै सही अर्थमा विद्यार्थी मान्न सकिन्छ । यसरी देश विकासको लागि विद्यार्थीहरूमा कर्तव्य पालनको भावना विकसित हुनु अति आवश्यक हुन्छ । त्यहीं देश विकासको प्रमुख आधार अनुशासन भएकोले विद्यार्थीहरूको के दायित्व हुन्छ भने अनुशासनमा बसेर देश विकासबारे चिन्तन गरून् । जसरी जग बलियो नभएको घर बढी दिन टिक्दैन त्यसैगरी अनुशासनहीन राष्ट्र बढी समय सुरक्षित रहन सक्दैन । यस कारण अनुशासित सैनिकजस्तै विद्यार्थीहरूले पनि आफ्नो कर्तव्य पालन गर्नुपर्छ अनि मात्र राष्ट्र निर्माणमा उनीहरूले सही योगदान दिन सक्छन् ।

मानिस सामाजिक प्राणी हो, किनभने हाम्रो स्याहारसुसार, विकास, शिक्षा आदि समाजमा बसेर नै सम्भव हुन्छ । यस कारण हामी सबैले समाज उत्थानको लागि चिन्तन गर्नुपर्छ । विद्यार्थीहरूले सामाजिक सेवाद्वारा पनि देश उत्थानमा सहयोग गर्न सक्छन् । यसका लागि उनीहरू शिक्षाको प्रचार तथा अशिक्षितहरूलाई शिक्षित बनाउने काम गर्न सक्छन् । यसैगरी छुवाछूत र अन्य सामाजिक विकृतिहरूलाई समाप्त गरेर दलित, महिला, पिछडिएका वर्ग आदिलाई देशको मूलधारमा जोडने काम गर्न सक्छन् । गुणस्तरीय शिक्षाले विद्यार्थीहरूमा चिन्तन–मननको शक्तिको विकास हुनु स्वाभाविक नै हो तर केही विपरीत परिस्थितिको फलस्वरूप कैयन विद्यार्थी समाज विरोधी कार्यमा संलग्न हुन पुग्छन् । यसले देश र समाजको हानि हुन्छ । भविष्यमा यस देशलाई विद्यार्थीहरूले नै उकास्नुपर्छ । यस कारण अहिलेदेखि नै राष्ट्रहितमा जोशमात्र होइन, होश पनि पुर्‍याएर लाग्नुपर्छ । यसर्थ विद्यार्थीहरूले आफ्नो शक्तिको सही मूल्याङ्कन गरेर त्यसलाई सिर्जनात्मक कार्यमा प्रयोग गर्नु उचित हुन्छ ।

युवावस्था जीवनको त्यो खण्ड हो, जसमा ताकत र जे पनि गर्न सक्ने भावना हुन्छ । कुनै पनि परिस्थितिबारे युवाहरूमा आफ्नै किसिमको दृष्टिकोण हुन्छ । जुन बेला समझदारी र परिपक्वताका साथ युवाहरूमा पागलपन समाप्त हुन थाल्छ त्यो युवावस्था अन्त हुने सङ्केत हो ।

# एमसिसी : संसद्मा दर्ता भएको अढाई वर्षपछि टेबल

काठमाडौं, ८ फागुन/रासस

संयुक्त राज्य अमेरिकी सहयोग मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी) सङ्घीय संसद्को तल्लो सदन प्रतिनिधिसभामा दर्ता भएको करीब अढाई वर्षपछि टेबल भएको छ । विसं २०७६ असार ३० गते अनुमोदनका लागि संसद्मा दर्ता भएको एमसिसीसम्बन्धी प्रस्ताव प्रतिनिधिसभाको आइतवारको बैठकमा टेबल भएको हो ।

बैठकमा अर्थमन्त्री जनार्दन शर्माका तर्फबाट सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले 'नेपाल सरकार र अमेरिकी सहयोग निकाय मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी)बीच भएको अनुदान सहायता सम्झौता' प्रस्तुत गरेका थिए । यसअघि प्रधानमन्त्री निवास बालुवाटारमा बसेको सत्तारूढ गठबन्धनका शीर्ष नेताहरूको बैठकमा एमसिसी संसदमा अनुमोदनका लागि टेबल गर्ने सहमति बनेको थियो ।

विसं २०६८/६९ मा प्रधानमन्त्री बाबुराम भट्टराई र अर्थमन्त्री वर्षमान पुन भएका बेला एमसिसीसँग समन्वय गर्न वैदेशिक सहायता समन्वय

(बाँकी पाँचौं पातामा)

## एमसिसी सम्झौता कार्यसूचीमा समावेशप्रति विरोध

नेकपा (माओवादी केन्द्र)सहित तीन राजनीतिक दलले सदन अवरुद्ध भइरहेका अवस्था र राजनीतिक दलहरूमा राष्ट्रिय सहमति नभएको अवस्थामा 'नेपाल सरकार र अमेरिकी सहयोग निकाय मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी)बीच भएको अनुदान सहायता सम्झौता' संसद्को कार्यसूचीमा अगाडि बढाइएकाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएका छन् ।

प्रतिनिधिसभाको आजको बैठकको सुरुआतमैं माओवादी केन्द्रका प्रमुख सचेतक देवप्रसाद गुरुङ, नेपाल मजदूर किसान पार्टीका सांसद प्रेम सुवाल, राष्ट्रिय जनमोर्चाका सांसद दुर्गा पौडेल र सांसद डा भीमबहादुर रावलले एमसिसी सम्झौताका कतिपय प्रावधान राष्ट्रिय हितविरुद्ध भएकाले संशोधनविना संसद्मा टेबुल गर्न नहुने भनी विरोध जनाए ।

प्रमुख सचेतक गुरुङले सदन अवरुद्ध भएको अवस्थामा एमसिसी सम्झौता टेबुल गर्ने विषयमा पार्टीको ध्यानाकर्षण भएको बताए । संसद् अवरुद्ध भइरहेको अवस्थामा संसद्मा महत्त्वपूर्ण विषयमाथि छलफल हुन नसक्ने र एमसिसीका राष्ट्रिय हितविपरीतका प्रावधान संशोधन गरेर मात्र सहमतिका आधारमा अगाडि बढाउनुपर्ने आफ्नो पार्टीको धारणा रहेको उनले बताए ।

"कार्यव्यवस्था परामर्श समितिमा हामीले असहमति दर्ता गरेका छौं, संसद् अवरुद्ध भइरहेको अवस्थामा सदनमा छलफल चलाउन गाह्रो छ, सदन खुलाएर छलफलको वातावरण बनाउन सरकारको ध्यानाकर्षण गराउँछु," उनले भने ।

नेकपा (एमाले)का नेता एवं सांसद रावलले नेपालको संविधान र कानूनमाथि आघात पर्ने एमसिसी सम्झौताको केही प्रावधानका बारेमा राजनीतिक दलका बीचमा सहमति नभई यो कसरी टेबुल भयो भनी प्रश्न गरे ।

नेपाल मजदूर किसान पार्टीका सांसद सुवालले एमसिसी सम्झौताका कतिपय प्रावधान नेपालको कानूनविपरीत भएको र नेपालको हितविपरीतको सम्झौतालाई संसद्बाट अनुमोदन गर्न नहुने बताए । उनले एमसिसी सम्झौताका बारेमा बृहत् राजनीतिक सहमति नभएकाले सो सम्झौता अगाडि बढाउन नमिल्ने बताए ।

राष्ट्रिय जनमोर्चाका सांसद पौडेलले एमसिसी परियोजना राष्ट्रिय हितमा नभएको भन्दै यसलाई खारेज गरिनुपर्ने बताए । उनले विदेशीको दबाबमा अगाडि बढाउने प्रयत्न भएपनि यसले राष्ट्रिय हित नगर्ने भनी विरोध गरे । "एमसिसी कुनै पनि हालतमा टेबुल गर्न मिल्दैन, यसलाई खारेज गर्नुपर्छ," उनले भने । प्रतिनिधिसभाको अर्को बैठक यही माघ १२ गते अपराह्न १ बजे बस्नेछ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# दर्जनौंपटक टाँगियाबस्तीमा मन्त्रीसहितको लस्कर, कुरो पुरानै

## दुई सातापछि विमानस्थल बन्ने कुराको टुङ्गो लाग्ने सङ्केत

जीतलाल श्रेष्ठ, निजगढ, ६ फागुन/

टाँगियाबस्तीमा दर्जनौंपटक मन्त्रीसहितको लावालस्कर आइसकेको छन्। पछिल्लोपटक पाँच दिनअघि विगतझैं प्रस्तावित निजगढ दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलको निरीक्षण गर्न टाँगियाबस्तीमा मन्त्री, सचिवसहितको जम्बो टोली आइपुग्यो। केही उत्साह थपिए पनि कुरोले टुङ्गो नपाउँदा टाँगियाबस्तीवासी निराश भए। कतिले चुनावको मिति तोकिसकिएकोले विकासे नारा लिएर नेता, मन्त्रीहरू टाँगियाबस्ती आएका हुन् समेत भने।



निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको बीचमा वन क्षेत्रमा पर्ने टाँगियाबस्ती। तस्वीरः फाइल/प्रतीक

स्थानीयका भनाइलाई नर्कान भने सकिंदैन। केही मन्त्रीले चार वर्षभित्र विमानस्थल बनाइ विदेशमा यहींबाट जान पाउने आश्वासनसमेत दिएका थिए। तर मुख्य कार्यको अवस्था भने 'वरको सिन्को पर'सम्म सार्ने काम भएन। अनि विमानस्थल निर्माणबारे शङ्का उपशङ्का उब्जिनु स्वाभाविक हो। यहाँ कामभन्दा बढी कुरो र चाहिनेभन्दा बढी निरीक्षण, अवलोकन भ्रमण हुँदै आएको स्थानीयवासी बताउँछन्।

भर्खरैको जम्बो टोलीमा सहभागी श्रम तथा रोजगारमन्त्री कृष्णकुमार श्रेष्ठले स्थानीय टाँगियाबस्तीवासीलाई यसपटक भने कुनै पनि देशी विदेशी शक्तिले चाहेर पनि विमानस्थलको निर्माण हुनलाई रोक्न नसक्ने भन्दै बनाइ छाड्ने उद्घोष गरे। उनले विमानस्थल निर्माणबाट प्रभावित हुने बस्तीका पाँच सय युवालाई वैदेशिक रोजगारका लागि सरकारले निश्शुल्करूपमा सहयोग गर्ने आश्वासन पनि दिए।

जम्बो टोलीमा पूर्वप्रधानमन्त्री एवं नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, नेपाली काङ्ग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल, वन, वातावरण तथा भूसंरक्षण मन्त्री रामसहाय यादव, संस्कृति, नागरिक उड्डयन तथा पर्यटनमन्त्री प्रेमबहादुर आले, श्रम तथा रोजगार मन्त्री कृष्णाकुमार श्रेष्ठ, वाग्मती प्रदेशका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डे, मधेस प्रदेशका वन, वातावरण तथा पर्यटन मन्त्री शत्रुघ्न महतो, नेपाल सरकारको अन्तर्राष्ट्रिय सम्बन्ध समितिका अध्यक्ष पवित्रा निरौलालगायत सहभागी थिए। यहाँ विमानस्थल बनाउन भनी निरीक्षण गर्न दर्जनौंपटक आएका टोलीमध्ये यो अहिलेसम्मकै जम्बो टोली थियो।

विमानस्थलको निरीक्षण, अनुगमन गर्न आएको टोलीलाई टाँगियाबस्ती सरोकार समितिले स्वागत गर्दै आफ्ना मागहरू पहिल्यैझैं प्रतिघरधुरीलाई दुई बिघा ५ कट्ठा जमीन उपलब्ध गराउनुपर्ने, एक घर एक रोजगार दिइनुपर्ने, पुनर्स्थापित गर्दा १८ महीनासम्मका लागि खान पुग्ने रासन उपलब्ध गराउनुपर्ने, घर सार गर्दा लाग्ने खर्च सरकारले बेहोर्नुपर्ने, भौतिक पूर्वाधारसहितको बस्ती बसाल्नुपर्ने, बारा जिल्लाभित्र नै जमीन उपलब्ध गराउनुपर्ने, पुर्जासहितको जमीन उपलब्ध गराउनुपर्ने, पुनर्स्थापना गरिएका घरपरिवारको परिचयपत्र उपलब्ध गराउनुपर्ने माग स्थानीयहरूका तर्फबाट राखेको थियो।

टोलीमा सहभागी पूर्वप्रधानमन्त्री एवं नेकपा (एस)का अध्यक्ष नेपालले विमानस्थल निर्माणको लागि २०५१ सालदेखि नै लाग्दै आइरहेकोले जहिल्यै पनि आफूले निजगढ, टाँगियाबस्तीमा विमानस्थल बनाउनुपर्ने कुरामा जोड दिएको बताए। उनले आफू विमानस्थल बनाउनु नै पर्ने पक्षमा रहेको बताउँदै बस्तीको उचित व्यवस्थापन हुने गरी विमानस्थल बनाउन ढिला गर्न नहुने बताएका थिए। यहाँ विमानस्थल बनाउन आफैं प्रधानमन्त्री भएर आउनुपर्ने हो कि भन्दै मुलुकको भाग्य र भविष्यसँग जोडिएको यस विमानस्थल निर्माण गर्नुबाहेक अर्को विकल्प नरहेको अध्यक्ष नेपालले प्रस्ट पारेका थिए। पर्यटनमन्त्री आलेले अनि वन तथा वातावरण मन्त्री यादवतर्फ हेर्दै काम अघि बढाउन आग्रह गरेका थिए।

उनले नचाहिने माग राखेर विमानस्थल बनाउन बाधा व्यवधान खडा नगर्न स्थानीयहरूलाई आग्रह गर्दै सरकारले उचित व्यवस्थापन गरेपछि मात्रै विमानस्थलको निर्माण कार्य थालनी हुनेमा ढुक्क हुन उनले आश्वासन दिए। "हामी र हाम्रो पार्टी काममा विश्वास गर्छौं। गफले मात्रै विकास र समृद्धि प्राप्त हुँदैन," अध्यक्ष नेपालको भनाइ थियो।

नेपाली काङ्ग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले चाँडोभन्दा चाँडो यहाँ विमानस्थल बनाउनुपर्नेमा जोड दिए। मुलुकमा स्थायी सरकार हुन नसक्दा राष्ट्रिय गौरवका आयोजनाहरू तीव्र गतिमा अघि बढ्न नसकेको भन्दै उनले प्रधानमन्त्री शेरबहादुर देउवा यहाँ विमानस्थल बनाउनुपर्ने कुरामा सकारात्मक भएको भन्दै विकासले गति लिनेमा आफू विश्वस्त रहेको बताए।

विमानस्थल निर्माण गरिने विषयले लामै समयदेखि चर्चा पाइरहे पनि विमानस्थलको मुख्य काम अघि बढ्न नसकेको भन्दै ऐन, कानून सच्याएर पनि यस कार्यलाई अघि बढाउन आफू तयार रहेको वन, वातावरण तथा भूसंरक्षण मन्त्री यादवले बताए। विमानस्थललाई मध्यनजर गर्दै द्रुतमार्ग शुरू गरिएको तर विमानस्थल बन्नमा ढिलाइ भइरहेको विषय सोचनीय रहेको मन्त्री यादवले भने। अब विमानस्थल निर्माणको शिलान्यास हुनुपर्दछ, अनिमात्र जनताले विश्वास गर्छ, उनले बताए।

नेकपा (एस)का उपाध्यक्ष एवं वाग्मती प्रदेशका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले यो विमानस्थलले बारा, पर्सा, मकवानपुर, रौतहट मात्र नभई समग्र मुलुकको विकासमा धेरै परिवर्तन ल्याउने बताउँदै बस्ती स्थानान्तरण गर्दा राज्यले पर्याप्त सेवासुविधा उपलब्ध गराउनुपर्नेमा जोड दिए।

अन्तर्राष्ट्रिय सम्बन्ध समितिका अध्यक्ष निरौलाले विमानस्थल निर्माण गरी राष्ट्रिय गौरवको आयोजना सफल बनाउनुपर्ने बताइन्।

मधेस प्रदेशका वन, वातावरण तथा पर्यटन मन्त्री महतोले वन क्षेत्र प्रदेश मातहत रहेकोले यहाँ विमानस्थल निर्माणका लागि मधेस प्रदेश वन मन्त्रालय जहिल्यै पनि तयार रहेको बताए।

विमानस्थल बन्ने नाउँमा वर्षौंदेखि विद्युत र सञ्चार सेवा जस्ता अति आवश्यक सेवाहरूबाट यस बस्तीका १,४७६ घरधुरीका करीब आठ हजार मानिस बन्धक बनेको स्थानीय सुमन थोकर र सुन्दरबहादुर सुनुवारले दुःखेसो पोखे।

विमानस्थल आयोजना प्रमुख विजय यादवले विमानस्थल निर्माणका लागि आवश्यक गृहकार्य पटकपटक गरी कार्य निकै अघि बढिसकेको तर बीच भागमा रहेको टाँगियाबस्ती स्थानान्तरणका लागि सरकारको मन्त्रिपरिषद् निर्णयलाई कुरेर बसेको बताए। चाँडै टाँगियाबस्ती स्थानान्तरण हुनेमा आयोजना विश्वस्त रहेको उनको भनाइ थियो।

विमानस्थल बन्ने हल्ला चलेको अढाई दशक नाघ्नै लागे पनि मुख्य निर्माण कार्यलाई सरकारले अघि बढाउन नसक्दा सरकारको आलोचना बढ्दै गइरहेको छ। विमानस्थल निर्माणका लागि चार किल्ला घेर्ने, पसाहा र बकैया खोलामा तटबन्धको कार्य भइरहे पनि मुख्य समस्याको रूपमा रहेको वन क्षेत्रभित्रको टाँगियाबस्ती स्थानान्तरणमा सरकारले ठोस निर्णय लिन सकेको छैन। जसले गर्दा विमानस्थल बन्ने वा नबन्ने द्विविधा लामो समयदेखि कायम स्थानीयले बताए।

विमानस्थल निर्माणका लागि चाहिने कुल ११ हजार ८७५ बिघा क्षेत्रफलमध्ये पहिलो चरणको लागि १९ सय हेक्टर वन क्षेत्रमा नम्बरिङ, ट्यागिङ कार्य शुरू गरे पनि अहिले रोकिएको छ। दुई वटा प्लटिङमा गरी ५७ हजार ३५० वटा रूखमा मात्र नम्बरिङ र ट्यागिङ भएको छ।

काटगाउँ, ककरीलगायतका ११० बिघा तनी कट्ठा नम्बरी जग्गामध्ये ४४ करोड रुपैयाँ मुआवजा दिई ७० बिघा जग्गा आयोजनाले आफ्नो स्वामित्वमा लिइसकेको र बाँकी जग्गाको खरीद प्रक्रिया चलिरहेको छ।

रूखबिरुवा मासेर विमानस्थल निर्माण गर्दा वातावरणमा ठूलो समस्या हुने भन्दै सर्वोच्च अदालतमा परेको रिटको अहिलेसम्म छिनोफानो हुन सकेको छैन। यता आगामी दुई साताभित्र टाँगियाबस्तीमा विमानस्थल बन्ने विषयमा टुङ्गो लाग्ने मन्त्री आलेले बताएको स्थानीयहरूले भने।



भैंसी चराइरहेका बालक स्कूले विद्यार्थी हुन्। शनिवार र बिदाको दिन उनले परिवारका सदस्यहरूलाई भैंसी चराएर सघाउँदै आएका छन्। वीरगंज महानगर-१ जिल्ला शिक्षा समन्वय कार्यालयछेउमा शनिवार भैंसी चराउँदै। तस्वीरः प्रतीक

# सरकारी संस्थानमध्ये सबैभन्दा अब्बल प्राधिकरण: ६ महीनाको नाफा रु १२ अर्ब

काठमाडौं, ८ फागुन/रासस

अधिकांश सरकारी संस्थान एकपछि अर्को गर्दै घाटामा गइरहेको बेला नेपाल विद्युत् प्राधिकरणले भने उल्लेख्य नाफा कमाउन सफल भएको छ।




राजनीतिक नेतृत्वको सकारात्मक दिशानिर्देश, सम्बन्धित संस्थाको कार्यकारी प्रमुखको सार्थक पहल र कर्मचारीको मेहनत हुने हो भने समस्यामा परेका सार्वजनिक संस्थानलाई नाफामा ल्याउन सकिन्छ भन्ने पछिल्लो उदाहरण प्राधिकरणले प्रस्तुत गरेको छ।

उपलब्ध भएको स्रोतको समुचित प्रयोग, उपभोक्ताप्रतिको जिम्मेवारी भए कुनै पनि जटिल कामलाई पनि सरलरूपमा अगाडि बढाउन सकिदो रहेछ भन्ने पनि स्पष्ट भएको छ। प्राधिकरणले चालू आर्थिक वर्षको पहिलो छ महीनामा रु १२ अर्ब १२ करोड नाफा कमाएको छ। प्राधिकरणको वित्तीय विवरण (अपरिष्कृत) अनुसार गत आव २०७७/७८ मा मात्रै रु छ अर्ब १८ करोड नाफा गरेको थियो। चालू आवको पहिलो छ महीनामा नै नाफा बढेर दोब्बर भएको हो।

योसँगै सार्वजनिक संस्थानमध्ये सबैभन्दा बढी नाफा कमाउने संस्था प्राधिकरण बनेको छ। आव २०७२/७३ मा रु आठ अर्ब ८९ करोड वार्षिक घाटामा रहेको प्राधिकरण त्यसपछिका वर्षमा निरन्तर नाफामा छ। गत आवमा भने नाफामा उल्लेख्य गिरावट आएको थियो। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले विद्युत् चुहावट नियन्त्रण, भारततर्फ विद्युत् निर्यातको परिमाणमा भएको वृद्धि, विद्युत् आयातमा कमी जस्ता कारणले संस्थाको आर्थिक स्वास्थ्यमा गुणात्मक फड्को मारेको प्रतिक्रिया दिए। उनले विद्युत् बिक्रीमा वृद्धि, अन्य आयमा वृद्धिका कारण पनि चालू आवको छ महीनामा संस्थाले उल्लेख्य नाफा आर्जन गर्न सफल भएको बताए। कार्यकारी निर्देशक घिसिङले भने, "सञ्चालन खर्चमा कटौती, प्रशासनिक तथा वित्तीय सुधारका लागि चालिएका कदम नै हाम्रालागि वरदान साबित भएको छ।"

यस्तै, ४५६ मेगावाटको माथिल्लो तामाकोशीसँगको विद्युत् खरीद दर अन्य निजी क्षेत्रका आयोजनाको तुलनामा केही सस्तो हुनु पनि नाफा बढ्नुको अर्को महत्त्वपूर्ण कारण हो। यस्तै, हिमाल पावरले सञ्चालन गरेको ६० मेगावाट क्षमताको खिम्ती जलविद्युत् आयोजनाको ५० प्रतिशत हिस्सासमेत प्राधिकरणको नाममा आएको छ। सो आयोजनाको बिजुलीको खरीद मूल्य पनि असाध्यै सस्तो छ। "गत पुसबाट लागू हुने गरी उपभोक्ता महसूल समायोजन भएको छ, यसबाट चालू आवको बाँकी अवधिमा आम्दानी केही घट्ने हुँदा नाफामा प्रभाव पर्न सक्छ तर चुहावट नियन्त्रणलाई अझै प्रभावकारी र वित्तीय अनुशासनलाई कडाइ गरी नाफालाई १५ अर्ब कटाउने गरी काम गरिरहेका छौं," उनले भने। प्राधिकरणले आव २०७३/७४ मा रु एक अर्ब ५० करोड, आव २०७४/७५ मा रु दुई अर्ब ८४ करोड, आव २०७५/७६ मा रु नौ अर्ब ८१ करोड, आव २०७६/७७ मा रु १३ अर्ब २७ करोड, २०७७/७८ मा रु छ अर्ब एक करोड नाफा गरेको थियो।

प्राधिकरणले चालू आवको छ महीनामा रु ४७ अर्ब ९८ करोड आम्दानी गरेको छ। यस्तै, रु ३५ अर्ब ८६ करोड खर्च गरेको छ। प्राधिकरणको मुख्य आम्दानी र खर्च क्रमशः विद्युत् बिक्री र खरीदमा हुने गरेको छ। प्राधिकरणको विदेशी दातृ निकायको दीर्घकालीन ऋण रु एक खर्ब १४ अर्ब पुगेको छ। नेपाल सरकारसँगको दीर्घकालीन ऋण रु ८१ अर्ब ८१ करोडको रहेको छ भने कर्मचारीतर्फको दीर्घकालीन दायित्व रु ३६ अर्ब ८४ करोड छ। प्राधिकरणको पूँजीकृत सम्पत्ति रु एक खर्ब ६५ अर्ब छ। यस्तै, पूँजीकृत हुन बाँकी सम्पत्ति रु एक खर्ब ५२ अर्ब, सहायक कम्पनीमा लगानी रु ३५ अर्ब ३४ करोड र ऋण लगानी रु ३२ अर्ब ५० करोड रहेको छ। यस्तै, तरल पूँजी रु ८५ अर्ब एक करोड बराबर छ।

**विद्युत निर्यात बढ्यो, आयात घट्यो**

अघिल्ला वर्षको तुलनामा चालू आवको छ महीनामा नेपालमा खपत भएर बढिरहेको विद्युत् भारततर्फ निर्यात बढेको छ। यस्तै, अपुग विद्युत्को आयातको परिमाण घटेको छ। गत आवमा रु ३१ करोड ६० लाखको विद्युत् भारततर्फ निर्यात भएकोमा चालू आवको छ महीनामैं रु ८० करोड ५० लाखको विद्युत् निर्यात गरिएको छ। ऊर्जाका आधारमा गत आवमा चार करोड ४० लाख युनिट निर्यात भएकोमा यस वर्ष छ महीनामैं बढेर १७ करोड ३० लाख युनिट पुगेको छ।

आव २०७६/७७ मा रु १३ अर्ब ४२ करोडको विद्युत् आयात भएकोमा गत आवमा बढेर रु २१ अर्ब ८२ करोड पुगेको थियो। तर चालू आवको छ महीनामा रु दुई अर्ब ५८ करोडको मात्र विद्युत् आयात भएको छ। माघ, फागुनमा आयात केही बढ्ने भए तापनि यस वर्ष रु १० अर्बभन्दा बढीको आयात नहुने देखिएको कार्यकारी निर्देशक घिसिङले बताए। यस वर्ष अघिल्लो वर्षको तुलनामा करीब २०० मेगावाट विद्युत् माग बढेको छ। कुल ४५६ मेगावाटको माथिल्लो तामाकोशीसहित करीब ६६० मेगावाट विद्युत् प्रणालीमा थपिएको छ।

**विद्युत चुहावट १४.४५ प्रतिशतमा झर्‍यो**

चालू आवको छ महीनामा विद्युत् चुहावट १४.४५ प्रतिशतमा झरेको छ। नियमितरूपमा विद्युत् आपूर्ति र प्राविधिक तथा गैरप्राविधिक चुहावट नियन्त्रणका लागि सञ्चालन गरिएको अभियानबाट प्राधिकरण गत आवमा प्रणालीको १७.१८ प्रतिशतको चुहावटलाई चालू आवको पहिलो छ महीनामा २.७३ प्रतिशत बिन्दुले घटाएर १४.४५ प्रतिशतमा सीमित गर्न सफल भएको हो।

विद्युत् प्रसारण र वितरणतर्फसहित चालू आवको छ महीनामा चुहावट १४.४५ प्रतिशतमा झरेको हो। प्रणालीमा हुने चुहावटमध्ये सबैभन्दा बढी हिस्सा वितरणतर्फको हुन्छ। यस अवधिमा

(बाँकी पाँचौं पातामा)

# ५० लाख घरधुरी लाभान्वित हुने एमसिसी परियोजना

काठमाडौं, ८ फागुन/रासस

कुल दुई करोड ३० लाख १० हजार नागरिकले प्रत्यक्षरूपमा प्रतिफल प्राप्त गर्ने विद्युत् प्रसारण लाइन तथा सडक पूर्वाधारसँग जोडिएको मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी) सम्झौता लिन सक्नेछ। त्यसका लागि बुटवलबाट भारतको गोरखपुर जोड्ने ४०० केभी क्षमताको डबल सर्किट अन्तरदेशीय प्रसारण लाइन नेपाल र भारतको संयुक्त लगानीमा निर्माण हुन लागेको छ । यसबाट नेपालले भारत र बङ्गलादेशमा बिजुलीको व्यापार गर्ने मार्ग प्रशस्त गर्नेछ।



एमसिसीबारे बालुवाटारमा छलफल हुँदै। तस्वीरः फाइल

काठमाडौं उपत्यकालगायत प्रमुख शहरको विद्युत् प्रसारण लाइनमार्फत बिजुली आपूर्तिको विश्वसनीयताको सुनिश्चिततासमेत हुनेछ। त्यसबाट विद्युत् खपतमा वृद्धि भई विद्युत् उत्पादनतर्फ थप लगानी आकर्षित हुनेछ । हालको एमाले अध्यक्ष केपीशर्मा ओली नेतृत्वको मन्त्रिपरिषद्ले २०७५ माघ २५ गते सरकार र अमेरिकी सहयोग निकाय एमसिसीबीच भएको अनुदान सम्झौतालाई अनुमोदन गर्नका लागि नेपाल सन्धि ऐन, २०४७ को दफा ४ को व्यवस्थाबमोजिम सङ्घीय संसद्मा पेश गर्न अर्थ मन्त्रालयलाई स्वीकृति दिएको थियो ।

तत्कालीन अर्थमन्त्री डा युवराज खतिवडाले सङ्घीय संसद्मा पेश गरेका प्रस्तावमा प्रतिनिधिसभा नियमावली, २०७५ को निमय २३० बमोजिम प्रतिनिधिसभाको साधारण बहुमतबाट सम्झौता अनुमोदन गर्नका लागि संसद्समक्ष पेश गरेका थिए। तत्कालीन संसदीय मामिला तथा कानूनमन्त्रीका रूपमा एमाले नेता भानुभक्त ढकालले सो सम्झौता संसदीय अनुमोदनका लागि स्वीकृति दिएका थिए ।

नेपाल सरकार र एमसिसीबीच २०७४ भदौ २९ गते मिलेनियम च्यालेन्ज कम्प्याक्ट सम्झौता भएको थियो । एमसिसीको हरेक प्रक्रियामा नेपालमा धेरैजसो पूर्वप्रधानमन्त्री सहभागी भएकाले राष्ट्रिय हितका लागि पनि यसको अनुमोदन जरुरी रहेको आवश्यकता औंल्याइँदै आएको थियो ।

विद्युत् प्रसारण लाइन आयोजनाले ऊर्जा व्यापारमा रणनीतिक महत्त्व राख्ने भएकाले राष्ट्रिय गौरवको आयोजनामा समेत समावेश गरिएको छ । मन्त्रिपरिषद्को २०७५ असोज ५ को निर्णय अनुसार एमसिसी परियोजनालाई राष्ट्रिय गौरवको आयोजनाको सूचीमा समावेश गरिएको छ।

सम्झौता कार्यान्वयनका लागि पनि संसद्बाट अनुमोदन हुनुपर्ने भन्ने व्यवस्था अनुसार तत्कालीन अर्थमन्त्री डा खतिवडाले संसद्मा लगेका थिए। प्रमुख प्रतिपक्षी दल एमाले एमसिसीका सन्दर्भमा समय आएपछि धारणा सार्वजनिक गर्ने भन्दै मौन बसेको छ ।

प्रमुख दलहरूका बीचमा एमसिसी सम्झौतालाई बुझ्ने सन्दर्भमा फरक–फरक मत रहँदै आएको थियो । नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी)ले एमसिसीका केही प्रावधानमा संशोधनको आवश्यकता औंल्याएका थिए । गठबन्धनको अर्को दल राष्ट्रिय जनमोर्चा एमसिसी सम्झौता खारेज गर्नुपर्ने पक्षमा थियो। सरकारको नेतृत्वकर्ता दल नेपाली काङ्ग्रेस भने यसमा पहिलेदेखि नै स्पष्ट थियो । हाल प्रतिपक्षी भूमिकामा रहेको एमाले (तत्कालीन नेकपा) एमसिसीलाई पास गर्नुपर्छ भन्ने पक्षमा थियो । भूमिका बदलिएपछि एमालेले यसमा गठबन्धनको धारणा कुर्दै आएको थियो ।

सत्ता गठबन्धनकै बीचमा मतैक्य हुन नसक्दा एमसिसी कार्यान्वयनको समयसीमासमेत धकेलिँदै आएको थियो। शुक्रवार बसेको गठबन्धनको बैठकमा आजसम्म समान धारणा बनाउने सहमति भएको थियो। शनिवार दिनभर सत्तारूढ गठबन्धनका नेताहरूबीच औपचारिक तथा अनौपचारिक छलफल भए । एकीकृत समाजवादीले एमसिसी सम्झौता टेबल हुन दिने निर्णय गरेको थियो । संसद्मा एमालेको अवरोध कायम रहेकाले त्यसलाई हटाउनुपर्ने माग सो पार्टीका नेता झलनाथ खनालको अझै पनि कायम रहेको टिप्पणी सार्वजनिक भएको छ ।

शनिवारको सकारात्मक घटनाक्रमबीच आज बिहान प्रधानमन्त्री निवास बालुवाटारमा सत्तारूढ गठबन्धनको बैठक बस्यो। बैठकमा यसका अनेकन पाटा र पक्षका बारेमा छलफल भयो र सहमतिका आधारमा नै एमसिसी सम्झौता संसद्मा टेबल गर्ने सहमति भयो।

यद्यपि माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को सचिवालयले भने कुनै पनि विधेयक सरकारका तर्फबाट सदनमा टेबुल गर्नु सैद्धान्तिक हिसाबले स्वाभाविक प्रक्रिया भए तापनि लामो समयदेखि सदन अवरुद्ध भएको र अरू कुनै पनि विधेयक टेबुल नभएको अवस्थामा सभामुखलाई एमसिसी मात्र टेबुल गर्नु भन्नु उपयुक्त नहुने धारणा बैठकमा राखेको जनाएको छ।

सत्तारूढ गठबन्धनको बैठकमा अध्यक्ष दाहालले एमसिसीसम्बन्धी प्रस्तावलाई छलफलका लागि समितिमा पठाउन आग्रह गरेका उनका स्वकीय सचिव रमेश मल्लले जानकारी दिए । प्रधानमन्त्रीले टेबुल गरेर प्रक्रियामा लैजाने बताएका थिए ।

अन्त्यमा आआफ्नो विचार अनुसार सदनमा नै छलफल गर्ने समझदारी बैठकमा भएको स्वकीय सचिव मल्लको भनाइ छ । त्यसो त बैठकपछि नेपाल सरकारका प्रवक्ता ज्ञानेन्द्रबहादुर कार्कीले सत्तारूढ गठबन्धनको बैठकको निर्णय अनुसार नै एमसिसी टेबल हुने र प्रक्रियामा अगाडि बढ्ने जानकारी दिएका थिए । उनले प्रतिपक्षी एमालेले प्रतिनिधिसभामा गरिरहेको अवरोधका सन्दर्भमा पनि आफ्नो धारणा प्रस्तुत गर्दै भने, "एमसिसी सम्झौता उहाँहरूले नै संसद्मा लैजानुभएको हो, संसद्को अवरोध कायम राख्नुहुन्छ कि खोल्नुहुन्छ, अब यो विषय पनि उहाँहरूकै हो ।"

एमसिसीले उपलब्ध गराउने अनुदान सहायताले बन्ने ४०० केभी क्षमताको लप्सीफेदी, रातमाटा र दमौलीमा तीनवटा सबस्टेशन निर्माण हुनेछन् । नुवाकोटको रातमाटामा निर्माण हुने सबस्टेशनमा प्रस्तावित रसुवागढी–केरुङ ४०० केभी क्षमताको प्रसारण लाइन पनि जोडिनेछ।

काठमाडौं उपत्यकाको विद्युत्को माग र आपूर्तिको सन्तुलन मिलाउनका लागि पनि ४०० केभी क्षमताको प्रसारणलाइन जरुरी छ। हाल काठमाडौं उपत्यकामा हेटौंडाबाट २२० केभी लाइन, नुवाकोटबाट २२० केभी लाइन र किर्नेटार हुँदै अर्को लाइन काठमाडौं उपत्यकामा भित्रिएको छ । विद्युतीय सवारीसाधनको प्रयोगमा बढावा दिन र हरेक घरघरमा विद्युतीय चुलोको प्रयोग बढाउन पनि उच्च क्षमतामा प्रसारण राजमार्ग आवश्यक पर्ने ऊर्जा उद्यमीहरूको भनाइ छ ।

सङ्घीय राजधानीसमेत भएकाले आगामी दिनमा मेट्रो रेलको आवश्यकता झनै बढेर गएको छ । त्यसका लागि ठूला क्षमताका प्रसारण लाइन आवश्यकता र बाध्यता दुवै बन्न पुगेको छ। जनघनत्वका हिसाबले पनि बिजुलीको माग सम्बोधन गर्न तथा निर्माणमा रहेका आयोजनाको बिजुली जोड्न पनि 'हाई भोल्टेज' लाइन जरुरी रहेकाले यसलाई विनाअवरोध अगाडि बढाउनुपर्ने मत जबरजस्तीरूपमा स्थापित छ ।

यसैगरी, आगामी पाँच वर्षमा थप १३ हजार मेगावाट विद्युत् उत्पादन हुने र त्यसको प्रवाहका लागि उत्तर–दक्षिण, पूर्व–पश्चिम ४००, २२०, १३२ र ३३ केभी क्षमताका प्रसारण लाइन तथा सबस्टेशनको निर्माण र स्तरोन्नति गर्नु आवश्यक छ।

त्यसका लागि मात्रै रु नौ खर्बभन्दा बढी लगानी आवश्यक पर्नेछ। आगामी पाँच वर्षमा १३ हजार मेगावाट विद्युत् उत्पादन भएको खण्डमा जलविद्युत् क्षेत्रमा मात्रै करीब रु ३० खर्बको हाराहारीमा लगानी हुनेछ।

अगाडि बढ्ने भएको छ । कार्यान्वयन शुरू भएको पाँच वर्षभित्र परियोजना सम्पन्न हुँदा त्यसबाट करीब ५० लाख घरधुरी प्रत्यक्षरूपमा लाभान्वित हुनेछन्।

काठमाडौंको नाङ्लेभारेबाट शुरू हुने र बुटवलसम्म पुग्ने कुल ३१२ किलोमिटर लामो ४०० केभी क्षमताको डबल सर्किट प्रसारण लाइनले नेपालको ऊर्जा क्षेत्रमा मेरुदण्डका रूपमा काम गर्नेछ । तामाकोशी, भोटेकोशी, त्रिशूली, बूढीगण्डकी र कालीगण्डकी करिडोरमा निर्माण भएका, हुने क्रममा रहेका आयोजनाको बिजुली सहजरूपमा राष्ट्रिय प्रणालीमा ल्याउनसमेत यो आयोजना महत्त्वपूर्ण छ ।

पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल र तत्कालीन अर्थमन्त्री सुरेन्द्र पाण्डेको कार्यकालमा शुरू भएको परियोजनामा सबैजसो पूर्वप्रधानमन्त्री जोडिएका थिए। नेपालको ऊर्जा तथा यातायात क्षेत्रको विकासका लागि एमसिसीले करीब रु ५५ अर्ब अनुदान सहायता उपलब्ध गराउनेछ ।

त्यसमा नेपाल सरकारका तर्फबाट करीब रु १४ अर्ब बराबरको लगानी हुनेछ । उक्त अनुदान सहायता आर्थिक उन्नतिमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने, विद्युत् प्रसारण लाइन निर्माणमा र सडक मर्मतमा खर्च हुने तथा नेपालको दिगो विकासमा सहयोग गर्नेछ ।

सत्तारूढ प्रमुख दलका बीचमा आज भएको सहमति अनुसार अब अमेरिकी अनुदान सहयोगसम्बन्धी सो परियोजना संसद्मा टेबल हुनेछ। सत्तारूढ दलहरूको सहमति अनुसार अब यो सम्झौता संसदीय प्रक्रियामा प्रवेश भएको छ। कुनै एउटा प्रक्रियामार्फत सम्झौता सामान्य बहुमतबाट स्वीकृत हुनेछ । त्यसपछि परियोजना कार्यान्वयनको चरणमा प्रवेश गर्नेछ ।

नेपाल विद्युत् प्राधिकरणको गुरुयोजना अनुसार नै तयार भएको उच्च क्षमताको प्रसारण लाइन निर्माण हुँदा गुणस्तरीय पूर्वाधारको विकास हुनेछ ।

यस्तै, अन्तरदेशीय विद्युत् प्रसारण लाइन परियोजनाले विद्युत् व्यापारलाई पनि बढावा दिने र यसको लाभ नेपालले



तोरी, मुसुरो बाली भित्र्याएपछि खेतबारीमा उम्रिएको घाँसमा बाख्रा, खसी चराउँदै किसान । तस्वीरः जीतलाल श्रेष्ठ

## फरक समाचार

### दैनिक अन्डा खाने सचेत हुनुहोस्

अन्डा खानु स्वास्थ्यको लागि राम्रो मानिन्छ र अन्डामा प्रोटिन उच्च हुन्छ। विज्ञहरूले हरेक मौसममा यसलाई हरेक दिन खान सल्लाह दिन्छन् । एक



अनुसन्धानले देखाएको छ कि दिनमा एक वा धेरै अन्डा खाँदा टाइप २ मधुमेहको जोखिम ६० प्रतिशतले बढ्न सक्छ ।

अनुसन्धानकर्ताहरूले चाइना हेल्थ एन्ड न्युट्रिशन सर्भेमा आठ हजारभन्दा बढी प्रतिभागीमध्ये सबैभन्दा धेरै अन्डा खानेहरू शारीरिकरूपमा कम सक्रिय रहेको, सीरम कोलेस्ट्रोलको मात्रा उच्च रहेको र उनीहरूमा उच्च फ्याट रहेको र उनीहरूले पशु प्रोटिनको सेवन गरेको पत्ता लगाए ।

अध्ययनले देखाएको छ कि अन्डाको पहेंलो भागमा पाइने कोलिनले अक्सिडेशन र सूजनको जोखिम बढाउन सक्छ, जसले अन्डाको सेतो भागमा पाइने रसायनबाट कार्बोहाइड्रेटको अवशोषणलाई रोक्छ। अन्डा संसारभरका धेरै घरमा बिहानको खाजाको एक महत्त्वपूर्ण भाग हो, यो प्रोटिनको समृद्ध स्रोत हो।

अन्डाको नियमित सेवनले मधुमेहको जोखिम बढाउँछ भन्ने धेरै विज्ञ विश्वास गर्छन्। एउटा ठूलो अन्डामा करीब २०० मिलिग्राम कोलेस्ट्रोल हुन्छ, त्यसैले यो मधुमेहका बिरामीका लागि हानिकारक साबित हुन सक्छ।

अन्डा उपभोग गर्ने सबैभन्दा राम्रो तरीका यो हो कि त्यसलाई उमालेर नून, मरिच र धनिया पातसँग सेवन गर्न सकिन्छ वा दुईवटा अन्डामा हरियो तरकारी राखी अमलेट बनाएर खान सकिन्छ।

### विवाहित पुरुषका लागि पान फाइदाजनक

नेपाल र भारतमा पान ठूलो मात्रामा खपत हुन्छ। कतिपय ठाउँमा विवाहमा पान खानु निकै शुभ मानिन्छ। पूजापाठ जस्ता शुभ कार्यमा पनि पानको प्रयोग गरिन्छ । धेरै ठाउँमा पान खानु परम्पराको हिस्सा हो । त्यहाँ घर आएका मानिसहरूलाई खानापछि पान खुवाइन्छ। जुन स्वास्थ्यका लागि राम्रो मानिन्छ।





विवाहित पुरुषको पुरुष शक्ति बढाउँछ

धेरै कमलाई थाहा होला कि पान खाँदा पुरुषको यौन शक्ति बढाउन मदत गर्छ । वास्तवमा पानको पातमा एन्टी–डायबेटिक, एन्टी–इन्फ्लामेटरी, एन्टी–इन्फेक्टिव, एन्टी सेप्टिक र डिओडोरेन्ट गुणहरू हुन्छन् । त्यसैले पान खाँदा टेस्टोस्टेरोन हर्मोनको स्तर पनि बढ्छ । जसका कारण पुरुषमा कामवासना बढ्छ। यसले पुरुषमा यौन शक्ति धेरै बढाउँछ। यही कारणले गर्दा विवाहित पुरुषलाई राति सुत्नुअघि पान खाने सल्लाह दिइन्छ।

**पाचन प्रणालीलाई स्वस्थ राख्छ**

पान खानुका अन्य धेरै फाइदा छन्। खानापछि पान खाँदा हाम्रो पाचन प्रणाली ठीक रहन्छ । यसले शरीरलाई खाना पचाउन मदत गर्छ। खाना खाइसकेपछि पान खाँदा पेट दुख्ने, ग्याँस हुने र छातीको जलन जस्ता समस्याबाट राहत मिल्छ । यही कारणले गर्दा नेपाल र भारतका धेरै ठाउँमा खानपछि



पान खाने चलन छ।

**घाउ छिटो निको पार्न मदत गर्छ**



पानको पात घाउ छिटो निको पार्न प्रयोग गरिन्छ। वास्तवमा पानको पातमा एन्टिअक्सिडेन्ट तत्त्व पाइन्छ, जसले घाउ छिट्टै निको पार्न मदत गर्छ। यदि तपाईंलाई कहिले चोट लागेमा पानको पातको रस निकालेर घाउमा लगाउनुहोस् र त्यसपछि पानको पातले छोपेर पट्टी बाँध्नुहोस्। केही समयपछि घाउ निको हुन थाल्छ ।

**पानले कब्जियत हटाउँछ**

कब्जियत आजकल एक सामान्य समस्या बनेको छ । यो हाम्रो बिग्रिएको जीवनशैलीसँग सम्बन्धित समस्या हो । यदि तपाईंलाई पनि कब्जियतको समस्या छ भने केही दिन खाना खाइसकेपछि पानको नियमित सेवन गर्नुहोस् ।

यसका साथै एक गिलास पानीमा पानको पातको टुक्रा हालेर रातभर राख्नुस् । यो पानी भोलिपल्ट बिहान खाली पेटमा पिउनुहोस्। तपाईंले पक्कै यसबाट लाभ उठाउनुहुनेछ। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# संयुक्त राष्ट्रसङ्घ अधिकार प्रमुखले सिनजियाङ भ्रमण गर्न सक्छन् तर छानबीन गर्न अनुमति छैन –चीन

बेइजिङ, ८ फागुन/एएनआई

चिनियाँ विदेशमन्त्री वाङ यीले संयुक्त राष्ट्रसङ्घ मानव अधिकार प्रमुख मिसेल ब्याचेलेटले सिनजियाङ भ्रमण गर्न सक्ने तर बेइजिङले यस क्षेत्रमा कुनै पनि अनुसन्धानलाई स्वागत नगर्ने बताएका छन् ।




म्युनिख सुरक्षा सम्मेलनमा भिडियोद्वारा ब्याचेलेटलाई प्रतिबन्ध छ कि छैन भनेर सोध्दा भने विदेशमन्त्री वाङले चीन सबै प्रकारका पूर्वाग्रह र अनावश्यक आरोपहरू अस्वीकार गर्दछ भन्ने टिप्पणी गरेका थिए । अधिकारवादी समूह र अमेरिकाले चीनले जातीय उइगरहरूविरुद्ध नरसंहार गरेको आरोप लगाएपछि यो प्रतिक्रिया आएको हो । चीनमाथि उइगर र अन्य अल्पसङ्ख्यक समूहहरूमाथि व्यापक दुर्व्यवहार गरेको आरोप लगाइएको छ, जसमा यातना, जबरजस्ती श्रम र १० लाख मानिसलाई नजरबन्द शिविरमा थुनिएको आरोप छ ।

गैरसरकारी संस्थाहरू र सञ्चारमाध्यमहरूले चिनियाँ अधिकारीहरूले धेरै गम्भीर मानव अधिकार उल्लङ्घनहरू गरेको प्रतिवेदन तयार पारेका छन् ।

यसमा सिनजियाङ (उइगुर क्षेत्र)मा लाखौं उइगुर र अन्य टर्किक समूहहरूको मनमानी नजरबन्द, यातना र जबरजस्ती श्रम समावेश छ । हङकङमा स्वतन्त्र मिडिया, लोकतान्त्रिक संस्था र कानूनको शासनको पतन उच्च–प्रविधि निगरानी प्रणालीहरूले अधिकारीहरूलाई शान्तिपूर्ण आचरणहरू ट्र्याक गर्न र अन्यायपूर्णरूपमा अभियोजन गर्न सक्षम बनाउन सहयोग पुऱ्याउने बताइएको छ। रासस

# ब्रजीलमा बाढीबाट १४६ जनाको मृत्यु, १९१ हराए

साओ पाओलो, ८ फागुन/सिन्हवा

ब्रजीलको एक पर्यटकीय शहर पेट्रोपोलिस र रियो डि जेनेरियो राज्यमा आएको विनाशकारी बाढी र पहिरोमा परेर मृत्यु हुनेको सङ्ख्या १४६ पुगेको बताइएको छ ।



बाढी र पहिरोले क्षति पुऱ्याएको दृश्य । तस्वीरः रायटर्स

यहाँ गएको पाँच दिनदेखि वर्षा र त्यसका कारण बाढी पहिरोको प्रकोप जारी नै रहेको बताइएको छ । यहाँका स्थानीय अधिकारीहरूले दिएको जानकारी अनुसार व्यापक वर्षाका कारण सडकहरू नै खोलामा परिणत भएका बताइएको छ ।

शनिवार पाँचौं दिन पनि वर्षा जारी छ । यसबाट हजारौं मानिस प्रभावित बनेका अधिकारीहरूले शनिवार जानकारी दिएका छन् ।

यहाँ भारी मात्रामा वर्षा भएको बताइएको छ । सबैभन्दा बढी क्षति मेट्रोपोलिस शहरमा भएको यहाँका उद्धारकर्मीहरूले जानकारी गराएका छन् ।

शनिवारसम्म यो बाढीमा परेर कम्तीमा पनि १९१ जना हराइरहेका बताइएको छ । रियो डि जेनेरियोको उत्तरी क्षेत्रमा पनि बाढीले असर गरेको छ । यहाँ सन् १९३२ पछिको सबैभन्दा बढी वर्षा भएको छ । वर्षात्का कारण यहाँ मानवीयका साथै अन्य भौतिक सम्पत्तिमा पनि क्षति पुगेको बताइएको छ ।

बाढी तथा डुबानका कारण करीब दर्जनौं घर क्षतिग्रस्त भएका र सयौंजनालाई प्रायःजसो विद्यालयहरूमा आश्रय दिइएको बताइएको छ । विशेषज्ञहरूको भनाइ अनुसार जलवायु परिवर्तनको प्रभावले अहिले भारी मात्रामा वर्षा बढाइरहेको छ ।

सन् २०११ को जनवरीमा भारी वर्षाका कारण यस क्षेत्रमा ९०० भन्दा बढी मानिसको मृत्यु भएको थियो। जसले गर्दा पेट्रोपोलिस र छिमेकी शहरहरू नोभा फ्रिबर्गो र टेरेसोपोलिसलगायतका ठूलो क्षेत्रमा बाढी र पहिरो गएको थियो ।

यहाँका राष्ट्रपति जयर बोलोस्नारोले शुक्रवार सो बाढी प्रभावित क्षेत्रको अवलोकन गरेका थिए। उनले सो क्षेत्रमा निकै क्षति पुगेको बताउँदै आफूले आफ्नो जीवनमा बाढीको यस्तो वितण्डा कहिल्यै नदेखेको बताएका छन् ।

ब्रजीलका अधिकारीहरूले यहाँ अरू केही व्यक्ति हराएका छन्। त्यस्तै, सयौं व्यक्तिलाई उद्धार गरिएको छ । वर्षा जारी नै रहेको पनि अधिकारीहरूले जनाएका छन् । रासस


सरसफाइमा ध्यान दिउँ,
बिरामी हुनबाट बचौं ।

वीरगंज महानगरपालिका


### सुक्खा बन्दरगाह.....

कारण कच्चा पदार्थ सुक्खा बन्दरगाह भन्सारमा रोकिएको हो ।

पहिले भन्सार नाकाको प्लान्ट क्वारेन्टान कार्यालयबाटै सीधैं आयात अनुमति दिइन्थ्यो । तर पछिल्लो समय प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रको निर्देशन अनुसार ती वस्तुको आयात अनुमति रोकिएपछि सामान अलपत्र परेको हो ।

यसै सन्दर्भमा नेपालमा आयात गरी तेल निकाल्ने अर्थात् प्रशोधन गर्ने उद्योगको हकमा शर्त अनुसार आयात अनुमति माग गरेको खण्डमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रले छानबीन गरी आयात अनुमति दिन सक्छ। तर ट्रेडिङ व्यवसाय गर्ने फर्मलाई केन्द्रले कडाइ गरेको वीरगंजका एक व्यवसायीले बताए। ट्रेडर्सले आयात गरेको जिएमओसहितको वस्तु बजारमा बिक्री वितरण भयो भने त्यसले जैविक र बिरुवा सुरक्षामा प्रतिकूल असर पार्ने भएकोले रोकेको हो।

### आजको राशिफल

| राशि | फल |
|---|---|
| मेष | यात्रालाभ |
| वृष | शत्रुभय |
| मिथुन | चोरभय |
| कर्कट | उदरपीडा |
| सिंह | विजय |
| कन्या | कान्तिक्षय |
| तुला | भाग्योदय |
| वृश्चिक | बेचैनी |
| धनु | मनोरञ्जन |
| मकर | कर्मप्राप्ति |
| कुम्भ | राज्यभय |
| मीन | वादविवाद |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# स्थानीय तह निर्वाचन : दलीय गतिविधि तीव्र

महोत्तरी, ८ फागुन/रासस

स्थानीय तहको निर्वाचन तयारी अघि बढेसँगै जिल्लामा राजनीतिक दलका गतिविधि सघन भएका छन् । राष्ट्रिय राजनीतिको मियोमा रहेका मुख्य प्रतिस्पर्धी दल मात्र नभएर अहिले यहाँ ससाना नयाँ दलको गतिविधि पनि बढ्दै गएको हो ।

सत्तारूढ दल नेपाली काङ्ग्रेस जिल्लामा यसअघि रोकिएको जिल्ला अधिवेशनको तयारीमा छ । यही फागुन १३ गते जिल्ला अधिवेशनको तयारीमा रहेको काङ्ग्रेसले आइतवार महोत्तरीको प्रतिनिधिसभा क्षेत्र नं ३ मा क्षेत्रीय अधिवेशन हुँदैछ। सो क्षेत्रको एक स्थानीय तहमा अधिवेशन नहुँदा जिल्ला अधिवेशनसमेत रोकिएको थियो । अधिवेशन सम्पन्न गरेलगत्तै स्थानीय तह निर्वाचनमा आफ्नो दल होमिने कार्यवाहक जिल्ला सभापति शम्भुनारायण पाठकले जानकारी दिए ।

त्यसैगरी, नेकपा (एमाले)ले शनिवार क्षेत्र नं ३ कै पिपरामा स्थानीय तह निर्वाचन केन्द्रित जनसभा सम्पन्न गरेको छ। आसन्न निर्वाचनलाई मध्यनजर गर्दै जिल्लाका स्थानीय तहका पार्टी कमिटी उम्मेदवारको प्रारम्भिक नाम छनोटको गृहकार्यमा लागेका सो दलका जिल्ला अध्यक्ष टेकबहादुर बलम्पाकीले बताए ।

यसैगरी, नेकपा (माओवादी केन्द्र), जनता समाजवादी पार्टी नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी नेपालले पार्टी गतिविधि तीव्र बढाएका छन् ।

अहिले जिल्लाका विभिन्न ठाउँमा एकै दिन कतिपय दलका कार्यक्रम सम्पन्न हुँदै छन् । यीबाहेक जनमत पार्टी पनि सभा, बैठक र स्थानीय पार्टी समितिहरूको गठन, पुनर्गठनमा जुटेको छ ।

शनिवार मात्र विश्वभक्त दुलाल (आहुति) नेतृत्वको वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीले बर्दिवासमा पहिलो जिल्ला भेला सम्पन्न गरेको छ। यसैगरी, नेपाली काङ्ग्रेस (बिपी)ले शनिवार नै बर्दिवासमा मधेस प्रदेशस्तरीय भेला सम्पन्न गरेको छ । सो दलका वरिष्ठ केन्द्रीय सभापति गोविन्दप्रसाद शर्मा र केन्द्रीय सदस्य इन्दिरा अधिकारी, शिवप्रसाद सिम्खडा, सन्दीपकुमार झा र सुनीता कार्कीसहितको सहभागिता रहेको प्रदेशस्तरीय भेलाले सबै जिल्लामा भेला आयोजना गर्ने र स्थानीय समिति गठन गर्ने तालिका बनाएको छ ।

सरकारले स्थानीय तह निर्वाचनको मिति घोषणा गरेर निर्वाचन आयोगले तत्सम्बन्धी तयारी अघि बढाउँदै लगेको हुँदा अहिले दलीय गतिविधि सघन हुँदै गएका हुन्। यद्यपि वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीले आफ्ना काम निर्वाचन केन्द्रितभन्दा जनसरोकारका विषयको पहिचान र ती मुद्दाको उठान रहेको स्पष्ट पारेको छ ।

### सरकारी संस्थानमध्ये....

वितरणतर्फको चुहावट ९.२३ प्रतिशत छ। प्राधिकरणले चालू आवमा विद्युत् चुहावट १५.५ प्रतिशतमा झार्ने लक्ष्य राखेको छ। चुहावट घटेकाले आम्दानी बढ्दा त्यसको परिणामस्वरूप प्राधिकरणको नाफा बढेको कार्यकारी निर्देशक घिसिङको भनाइ छ । उनले चुहावट नियन्त्रण अभियान प्रभावकारीरूपमा चलाइएको, सबस्टेशनको क्षमता वृद्धि गर्ने, कन्डक्टर थप्ने, ओभरलोड ट्रान्सफर्मर फेर्ने, थ्री फेज मिटरको प्रयोगलाई प्रोत्साहन गर्नेलगायतका कदम चाल्दाको परिणाम चुहावट नियन्त्रणमा देखिएको उल्लेख गरे ।

प्राधिकरणले गैरप्राविधिक चुहावट नियन्त्रणका लागि चोरी नियन्त्रण, महसूल बक्यौता असुलीमा कडाइ, मिटर बाइपास तथा हुकिङ गरी चोरी गर्नेलाई कडा कारबाई गर्ने, मिटर रिसिलिङ गर्ने, बन्द मिटर फेर्ने, मिटर लिन प्रोत्साहित गर्ने, मिटर रिडिङ नभएको (स्टक युनिट) ग्राहकको पहिचान गरी रिडिङ गर्ने काम अभियानकै रूपमा चलाइरहेको छ । यसबाट सरकारी संस्थानमध्ये सबैभन्दा बढी नाफा कमाउने निकायको रूपमा प्राधिकरण स्थापित भएको छ ।

### एमसिसी : संसद्.....

महाशाखाका प्रमुखलाई सम्पर्क अधिकृत नियुक्त गरिएको थियो भने नेपाल एमसिसी थ्रेसहोल्ड कार्यक्रममा छनोट भएको जानकारी गराइएको थियो ।

विसं २०६९/७० मा मन्त्रिपरिषद् अध्यक्ष खिलराज रेग्मी र अर्थमन्त्री शङ्करप्रसाद कोइराला भएका बेला 'कन्स्ट्रेन्ट्स एनालाइसिस'का लागि नेपाली अर्थशास्त्रीको समूह गठन गरिएको थियो। त्यसैगरी, २०७०/७२ सालमा प्रधानमन्त्री सुशील कोइराला र अर्थमन्त्री डा रामशरण महत भएका बेला एमसिसीले नेपाललाई कम्प्याक्टका लागि छनोट गरेको जानकारी प्राप्त भएको, पूर्वसचिव कृष्ण ज्ञवालीलाई कम्प्याक्ट कार्यक्रम तयारीका लागि राष्ट्रिय संयोजक र तत्कालीन अर्थमन्त्रीको संयोजकत्वमा निर्देशक समिति गठन गरिएको थियो ।

साथै सम्भावित आयोजनाबारे अध्ययन गर्नका लागि प्राविधिक अनुदान सहायता स्वीकार गर्नेसम्बन्धी सम्झौता भएको थियो ।

यसैगरी, २०७२/७३ मा प्रधानमन्त्री केपीशर्मा ओली र अर्थमन्त्री विष्णु पौडेल भएका बेला कम्प्याक्टको मस्यौदा तयार गर्ने र सम्भावित आयोजनाबारे अध्ययन गर्नका लागि प्राविधिक अनुदान सहायता स्वीकार गर्नेसम्बन्धी सम्झौता हुनाका साथै एमसिसीबाट कम्प्याक्ट कार्यक्रम तयारीका लागि करीब रु एक अर्ब १३ करोड बराबरको सहायता (१०.७५ मिलियन अमेरिकी डलर) प्राप्त गर्ने निर्णय भएको थियो ।

साथै एमसिसीको सहयोगमा सञ्चालन हुने कम्प्याक्ट कार्यक्रम तयार गर्ने कार्यका लागि राष्ट्रिय संयोजकमा सूर्यप्रसाद आचार्यलाई नियुक्त गर्न निर्णय गरिएको थियो । विसं २०७३/७४ मा प्रधानमन्त्री पुष्पकमल दाहाल र अर्थमन्त्री कृष्णबहादुर महरा भएका बेला एमसिसीबाट अनुदान सहायता प्राप्त गर्न वार्ता टोली गठन गर्ने निर्णय गरिएको थियो ।

यसरी विसं २०६८ मा तत्कालीन नेकपा माओवादीका नेता बाबुराम भट्टराई नेतृत्वको गठबन्धन सरकारदेखि शुरू भएको एमसिसी सम्झौता प्रक्रियामा नेपालका लगभग सबैजसो दल र नेतृत्व प्रत्यक्षरूपमा सहभागी भएका छन् । तत्कालीन माओवादी नेतृत्वको बाबुराम भट्टराई प्रधानमन्त्री रहेको सरकारमा माओवादी नेता नारायणकाजी श्रेष्ठ परराष्ट्रमन्त्री थिए भने नेकपा (एमाले) नेतृत्वको ओली प्रधानमन्त्री रहेको २०७३/७४ को सरकारमा उपप्रधानमन्त्री एमाले नेता भीम रावल, राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता कमल थापा, राष्ट्रिय जनमोर्चाका नेता चित्रबहादुर केसी, नेकपा (माले)का नेता सिपी मैनाली थिए र नेकपा (माओवादी केन्द्र)का अग्निप्रसाद सापकोटा, राप्रपा नेता दीपक बोहोरा मन्त्री थिए ।

विसं २०७४ मा प्रधानमन्त्री शेरबहादुर देउवा र अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की रहेका बेला एमसिसी अनुदान सहायता स्वीकार गर्ने विषयमा मन्त्रिपरिषद्मा प्रस्ताव पेश र स्वीकृति गरी मिलेनियम च्यालेन्ज कम्प्याक्टमा हस्ताक्षर भएको थियो । विसं २०७४ को निर्वाचनपछि बनेको ओली नेतृत्वको तत्कालीन सरकारले २०७५ वैशाखमा एमसिसीबाट प्राप्त अनुदानलाई निर्धारित लक्ष्य हासिल गर्ने गरी सञ्चालन र कार्यान्वयन गर्न एमसिए–नेपालको गठन गरेको हो ।

यसका साथै सम्झौतामा हस्ताक्षर भएको दुई वर्षपछि २०७६ असोज १२ मा परियोजना कार्यान्वयन सम्झौतामा हस्ताक्षर पनि नेकपाको तत्कालीन सरकारले नै गरेको थियो ।

नेकपा नेतृत्वमा रहेको ओलीको सरकारले २०७५ माघ २५ गतेको मन्त्रिपरिषद्को बैठकले 'मिलेनियम च्यालेन्ज कम्प्याक्ट' अनुमोदनका लागि संसद्मा पेश गर्ने निर्णय गरी २०७६ असार ३० गते अनुमोदनका लागि संसद्मा दर्ता गराएको थियो ।

अमेरिकाले विकासोन्मुख तथा अल्पविकसित मुलुकहरूतर्फ आर्थिक सहायता बढाउने प्रतिबद्धता अनुसार सन् २००४ मा एमसिसीसम्बन्धी कानून पारित गरी न्यून आय भएका मुलुकमा आर्थिक वृद्धि, गरीबी निवारण एवं संस्थागत क्षमता विकासका लागि द्विपक्षीय आर्थिक सहायता प्रदान गर्न एमसिसी संस्था स्थापना गरेको हो ।

अमेरिकाले एमसिसी स्थापना गरी आर्थिक सहयोग वृद्धि गर्ने घोषणा गरिसकेको सन्दर्भमा विश्वका विभिन्न भागबाट निम्न आय भएका करीब १०० मुलुकले सो सहयोगका लागि निवेदन दिएका थिए। त्यसमध्ये सन् २०१७ सम्म विभिन्न मापदण्डका आधारमा योग्य ठानिएका नेपाललगायत ४६ मुलुकलाई एमसिसी सहयोग प्रदान गर्ने निर्णय गरिएको थियो ।

एमसिसी अन्तर्गत प्राप्त हुने करीब रु ६० अर्ब अनुदान सहयोग नेपालले प्राथमिकता निर्धारण गरेको सडक, विद्युत ट्रान्समिशन जस्ता क्षेत्रमा उपयोग हुनेछ । ३०५ किलोमिटर सडकको स्तरोन्नतिका साथै ४०० केभी क्षमताको ३१२ किलोमिटर लामो विद्युत् प्रसारण लाइन सामेल छ । यो सहयोग निश्शुल्करूपमा नेपालको आर्थिक विकासमा केन्द्रित सहयोग हो। यो कुनै सैन्य प्रयोजनका लागि प्रयोग हुन सक्दैन भन्ने सुस्पष्ट व्यवस्था रहेको एमसिए नेपालको भनाइ छ । यो परियोजना नेपालको संविधान र कानूनअनुरूप छ। परियोजनाको व्यवस्थापन, रेखदेख एवं कार्यान्वयन नेपालको विकास समिति ऐन अन्तर्गत स्थापित एमसिए नेपालको जिम्मेवारीभित्रै रहनेछ ।

सो संस्थाको सञ्चालक समितिको अध्यक्ष नेपालको अर्थसचिव रहनेछन् । त्यसमा अन्य मन्त्रालय एवं सरकारी संस्था तथा गैरसरकारी संस्थाको समेत प्रतिनिधित्व रहन्छ । परियोजनाको बौद्धिक सम्पत्तिसम्बन्धी अधिकार एमसिए–नेपालकै रहनेछ र लेखापरीक्षण पनि नेपालको महालेखापरीक्षकको अधिकार क्षेत्रभित्र रहने एमसिए नेपालले जनाएको छ । प्रसारण लाइनको भूमि पनि कार्यान्वयन अवधिमा तथा तत्पश्चात् पनि नेपाल सरकारको स्वामित्वमा रहनेछ।


### कुशवाहा मोटर्स

वीरगंज–१४, पर्सा

### अधिकतम खुद्रा बिक्री मूल्य (MRP)

यस फर्म कम्पनीले भारतबाट पैठारी गरेको देहायको मालवस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्नबमोजिम भएको बेहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि.नं. | मालवस्तुको विवरण | आकार प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पादित मुलुक | एकाइ | प्रतिएकाइ मूल्य | अधिकतम खुद्रा बिक्री मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | E-Cargo Loader with Charger | Three wheeler | KM POWER | KTLQ | 1+500 | India | 1 Pcs | 2,41,749.42 | 2,41,749.42 | |

विक्रेता फर्म नामः कुशवाहा मोटर्स, ठेगानाः वीरगंज–१४, पर्सा, पान नं. 605202391, एक्जिम कोड - 6052023910128NP, Mobile No. 9801082474

# विकास निर्माणमा निगरानी बढाउन नगरप्रमुखको सुझाव

प्रस, वीरगंज, ८ फागुन/

वीरगंज महानगरका प्रमुख विजयकुमार सरावगीले वडा नं १६ नगवास्थित सडक, नाला निर्माण कार्यको स्थलगत निरीक्षण गरेका छन् ।

शनिवार उनले नगरस्तरीय बजेटबाट निर्माण भइरहेको सो स्थानको निरीक्षण गर्दै गुणस्तरीय काम गर्न ठेकेदारलाई सुझाएका थिए । उनले स्थानीयलाई ठेकेदारले गुणस्तरीय काम गरे नगरेको सम्बन्धी निगरानी गर्न र सोबारे आफूलाई जानकारी गराउन सुझाए ।

उनले स्थानीयको निगरानी बढेको खण्डमा गुणस्तरीय काम हुने र महानगरपालिकाले एउटै कामको लागि पटकपटक बजेट विनियोजन गर्नुनपर्ने बताए । विकास निर्माणको सवालमा स्थानीयको सहभागिता र चासो कम हुँदा गुणस्तरीय काम नहुने गरेको र त्यसबाट बजेट अनावश्यक खर्च भइरहेकोतर्फ सबैको चिन्ता हुनुपर्ने बताए । असल कामको लागि खबरदारी गर्ने कार्य कमजोर भएकोले पनि असल काम नगर्ने प्रवृत्ति बढ्दै गएको भन्दै स्थानीयलाई सक्रियतापूर्वक चासो देखाउन आग्रह गरे ।



वीरगंज-१६ नगवाको सडक, नाला अनुगमन गर्दै नगरप्रमुख । तस्वीरः सौजन्य

# खेलकूदको संसार

## फूटबलमा जाउलाखेलको जीत

काठमाडौं, ८ फागुन/रासस

शहीद स्मारक 'ए' डिभिजन लिग फूटबल प्रतियोगितामा जावलाखेल युथ क्लबले हिमालयन शेर्पा क्लबलाई पराजित गर्दै विजयी भएको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा आइतवार भएको खेलमा जावलाखेलले हिमालयनलाई २-१ गोलअन्तरले पराजित गर्दै विजयी भएको हो । जावलाखेलको जीतमा रूपबहादुर लामा र ओन्गुना जुनियरले एक/एक गोल गरे ।

यता हिमालयन शेर्पाका तर्फबाट अमृत श्रेष्ठले एक गोल फर्काए । खेलको १५औं मिनेटमा रूपबाहनुरले पहिलो गोल गर्दै जावलाखेललाई सुरुआती अग्रता दिलाएकामा ७1औं मिनेटमा हिमालयनका खेलाडी अमृतले गोल गर्दै खेललाई १-१ गोलको बराबरीमा ल्याए ।

त्यसपछि खेलको ८८औं मिनेटमा ओन्गुनाले गोल गर्दै जावलाखेललाई २-१ को जीत दिलाए । यस जीतसँगै जावलाखेल रेलिगेशन जोनबाट जोगिएको छ । जावलाखेलले १२ खेलमा १४ अङ्क जोड्दै अङ्कतालिकाको दशौं स्थानमा उक्लेको छ । समान १२ खेल खेलेको हिमालयनले १३ अङ्क जोडेको छ ।

# महायज्ञको तयारी पूरा

प्रस, पर्सागढी, ८ फागुन/

पर्सागढी नगरपालिका-८ हरपुरमा फागुन १० गतेदेखि हुने लक्ष्मीनारायण महायज्ञको तयारी पूरा भएको छ । हरपुरस्थित रामजानकी मन्दिर प्राङ्गणमा लक्ष्मीनारायण महायज्ञ आयोजना गरिने र सोको तयारी पूरा भएको महायज्ञ तयारी समितिका अध्यक्ष दिनेश चौधरीले बताए ।



तस्वीरः प्रतीक

उनले महायज्ञ शुरू हुने दिन बिहान कलशयात्रा हुने जानकारी गराएका छन् । यसैगरी, महायज्ञको लागि विभिन्न देवीदेवताहरूको मूर्ति बनाइएको र पूजापाठको लागि यज्ञाचार्य लवकुश, अयोध्या आचार्य, पुरुषोत्तम तिवारी, यज्ञ संयोजक श्रीश्री १०८ श्री निवासाचार्य, भारत, चेन्नईका सञ्जयबाबा महाराजले गर्ने बताइएको छ ।

महायज्ञमा दिनभरि पूजापाठ, भजनकीर्तन हुने र राति रामलीलाको व्यवस्था गरिएको वडाध्यक्ष किसुनदेवप्रसाद यादवले बताए । महायज्ञ आठ दिनसम्म सञ्चालन हुने र सो अवधिभर मनोरञ्जनको लागि खेलतमाशाको पनि व्यवस्था गरिएको उनले जानकारी गराएका छन् ।

# पाँच दिने भीड नियन्त्रण तालीम

प्रस, वीरगंज, ८ फागुन/

जिल्ला प्रहरी कार्यालय, बाराले आइतवारदेखि पाँच दिने भीड नियन्त्रण विशेष अनुशिक्षण तालीम शुरू गरेको छ ।



जिप्रका, बाराका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक राजेशराज पुरीले आइतवार तालीमको उद्घाटन गरेका थिए । तालीममा प्रहरी जवान र हवल्दारहरूलाई भीड नियन्त्रणबारे प्रशिक्षण दिइने बताइएको छ । स्थानीय तहको निर्वाचन घोषणा भएसँगै भीडको राजनीति शुरू हुने भएकोले सोही कुरालाई लक्षित गरी तालीम आयोजना गरिएको बताइएको छ ।

# काङ्ग्रेस महानगरका बुथ सभापतिहरू सम्मानित
## काङ्ग्रेसका नेताहरूलाई एकजुट हुन आग्रह

प्रस, वीरगंज, ८ फागुन/

नेपाली काङ्ग्रेस वीरगंज महानगर समितिले महानगरमा रहेका ३२ वटा वडाका बुथ सभापतिलाई सम्मान गरेको छ ।



१४औं महाधिवेशनमा निर्वाचित ३२ वटा वडाका बुथ सभापतिलाई महानगर सभापति भोलाप्रसाद कलवार, क्षेत्रीय सभापति अरबिन्द गुप्ता, पूर्व क्षेत्रीय सभापति विजय सर्राफ, प्रदेश सदस्य प्रेमशङ्कर सिंह, अनामिका यादव, नेविसङ्घ पर्साका पूर्वअध्यक्ष दीलिपराज कार्की, अनिल श्रीवास्तव, अनिल सिंह, शैलेन्द्र उपाध्यायलगायतले बुथ सभापतिहरूलाई गम्छा ओढाएर टीका लगाएर सम्मानित गरेका थिए ।

सो अवसरमा नगर सभापति कलवारले पार्टी कार्यकर्ताहरूको पनि मूल्याङ्कन गरिनुपर्नमा जोड दिए । उनले केवल ठूला नेताहरूको सम्मान गर्ने परिपाटीको विकास भएकोले आफूले बुथ सभापतिहरूलाई सम्मान गरेको बताए ।

साना कार्यकर्ताहरूबाट ठूला नेताहरूको मानसम्मान हुने भएकोले साना नेता, कार्यकर्ताहरूको पनि मूल्याङ्कन हुनुपर्ने भएकोले आफूले पहल गरेको बताए ।

कार्यक्रममा सम्मानित भएका बुथ सभापतिहरूले पार्टीका जिल्लास्तर र केन्द्रस्तरका सबै नेताहरूलाई एकजुट भएर अगाडि बढ्न आग्रह गरे । उनीहरूले साना कार्यकर्ताहरूमा कुनै पनि किसिमको मनमुटाव, विवाद र गुटबन्दी नभएको तर नेताहरूमा भने एकता नहुँदा काङ्ग्रेस पार्टी बलियो भएर पनि कमजोर देखा परेको बताए ।

उनीहरूले पर्सा जिल्लामा पनि यो रोगको कारण पार्टीले यसअघिका निर्वाचनमा पराजयको पीडा भोग्नुपरेको बताए ।

उनीहरूले आगामी स्थानीय निर्वाचनमा नेका, पर्सा एकजुट छ भन्ने सन्देश लिएर जानुपर्ने सुझाउँदै त्यसका लागि पार्टीको नगर र जिल्ला अधिवेशनमा सहमति गरेर सन्देश प्रवाह गर्नुपर्ने बताए ।

# पूर्वमन्त्री चौधरी अस्वस्थ

प्रस, वीरगंज, ८ फागुन/

पूर्वमन्त्री एवं नेपाली काङ्ग्रेस पर्साका पूर्वसभापति सुरेन्द्रप्रसाद चौधरी अस्वस्थ भई अस्पताल भर्ना भएका छन् । वीरगंजस्थित प्रभु अस्पतालमा आइतवार उनी भर्ना भएका हुन् ।

मुटुसम्बन्धी समस्या देखिएपछि चिकित्सकको सल्लाहमा उनी अस्पताल भर्ना भएको बताइएको छ । प्रभु अस्पतालका चिकित्सकले हाल उनको अवस्था चिन्ताजनक नरहेको बताएका छन् ।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |




# चोरीको मोटरसाइकलसहित देवान पक्राउ

प्रस, वीरगंज, ८ फागुन/

प्रहरी चौकी श्रीसियाले चोरीको मोटरसाइकलसहित एकजना युवकलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ ।

आइतवार बिहान ५ बजे श्रीसिया प्रहरी चौकीले चेकजाँचको क्रममा शङ्का लागि ना.१८प ६५१५ नम्बरको यामाहा मोटरसाइकलमा सवार चालक वीरगंज-१६ का २० वर्षीय इरफान देवानलाई पक्राउ गरेको बताएको छ । युवकसँग सोधपूछ गरी अनुसन्धान गर्दा उक्त मोटरसाइकल फागुन ७ गते राति ९:३० बजे वीरगंज-११ बस्ने अनिल साहको घरबाट लक तोडेर चोरी गरेको पुष्टि भएपछि निज युवकलाई चोरी कसूरमा थप अनुसन्धान अगाडि बढाएको जिप्रका, पर्साले जनाएको छ ।



## कोभिड सङ्क्रमण भई घरमै बस्दा ध्यान दिनुपर्ने कुराहरू

- पर्याप्त हावा ओहोरदोहोर गर्ने अलग्गै कोठाको प्रयोग गरौं ।
- अरू व्यक्तिसँग भेटघाट नगरौं, भेटघाट गर्नै परेमा कम्तीमा दुई मिटरको दूरी राखौं र मास्कको अनिवार्य प्रयोग गरौं ।
- घरका अन्य सदस्यहरूले सम्भव भएसम्म अलग्गै शौचालय तथा बाथरूमको प्रयोग गरौं ।
- क्वारेन्टाइनमा बसेका व्यक्तिले प्रयोग गरेको मास्क तथा पन्जा जथाभावी नफालौं र सुरक्षित स्थानमा नष्ट गरौं ।
- अलग भाँडाकुँडा प्रयोग गरौं ।
- समयसमयमा साबुनपानीले कम्तीमा २० सेकेन्ड मिचिमिची हात धुने अथवा सेनिटाइजर प्रयोग गरौं ।
- प्रयोग गरिएका सामग्रीहरू साबुन पानीले धोई सम्भव भएसम्म घाममा सुकाऔं ।
- खोक्दा वा हाछ्यूँ गर्दा मुख र नाक रूमाल वा कुहिनाले छोपौं ।
- ज्वरो, खोकी, श्वासप्रश्वासमा समस्या, घाँटी दुख्नेजस्ता समस्या देखा परेमा नजीकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# आइसक्रिम पार्लरको उद्घाटन

प्रस, परवानीपुर, ७ फागुन/

नेपाल उद्योग वाणिज्य महासङ्घ, मधेस प्रदेशका अध्यक्ष गणेश लाठले शनिवार बी नेचुरल आइसक्रिम पार्लरको उद्घाटन गरेका छन् ।

वीरगंज, आदर्शनगरस्थित रूँगटा मार्केटमा हिजोदेखि सञ्चालनमा आएको पार्लरको उद्घाटन गर्दै पार्लर सञ्चालनमा आएसँगै धेरै कुराको विकास हुने बताए । उनले किसानको दूधदेखि लिएर रोजगारका अवसरहरू सिर्जना भएको बताए ।

उद्घाटन कार्यक्रममा नगरप्रमुख विजयकुमार सरावगीले बधाई तथा शुभकामना व्यक्त गरेका थिए ।

वीरगंज-२४ रानीघाटमा सञ्चालित गढीमाई डेरी प्रालिले बी नेचुरल आइसक्रिम उत्पादन गर्दैछ ।

दुई वर्षमा यो आइसक्रिमको दोस्रो शाखा आदर्शनगरमा सञ्चालनमा आएको हो ।

यसअघि पानीटङ्कीमा पहिलो शाखा सञ्चालनमा आएको थियो ।

तीन दशकदेखि आइसक्रिमको कारोबारमा संलग्न रवीन्द्र सिंहले गुणस्तरीय आइसक्रिम उपभोक्ताहरूलाई उपलब्ध गराउने उद्देश्यले शाखा विस्तार गरेको बताए । उनले शाखा विस्तारलाई निरन्तरता दिने र जिल्लाबाहिर पनि शाखा खोल्ने बताए । उनले नेपालमैं पहिलोपटक रु ४० देखि ३ सयसम्म पर्ने आइसक्रिम पकौडा ग्राहकहरूको लागि ल्याएको र यसलाई सबैले रुचाउने दाबी पनि गरे ।

# सूचना प्रविधि प्रयोगशालामा आगजनी

मलङ्गवा, ८ फागुन/रासस

बसबरिया गाउँपालिका-४ धनगढास्थित श्री पञ्चायत आदर्श माध्यमिक विद्यालयको सूचना प्रविधि प्रयोगशालामा अज्ञात समूहले शनिवार आगजनी गरेको छ ।

ढोकाको ताल्चा फुटाइ गरिएको आगजनीबाट २४ वटा कम्प्युटर जलेर क्षति पुगेको प्रहरीले जनाएको छ । ती कम्प्युटरमध्ये सातवटा पूर्णरूपमा जलेको छ भने अन्यमा आंशिक क्षति पुगेको छ । आगजनी गर्ने समूहले केही थान मोनिटरलगायत केही उपकरणसमेत चोरेर लगेको प्रहरीले जनाएको छ ।

यसअघि विसं २०७० मा पनि विद्यालयको कार्यालयमा आगजनी गरिएको थियो । साथै एकपटक ताल्चा फुटाएर विद्यालयको अफिसमा चोरीसमेत हुँदा विद्यालय प्रशासनले सुरक्षामा कुनै चासो नलिएको स्थानीयवासीको आरोप छ । घटना सम्बन्धमा आवश्यक अनुसन्धान प्रक्रिया अगाडि बढाइएको प्रहरी निरीक्षक नरेन्द्रकुमार मैरवैताले जानकारी दिए । सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र नेपाल दूरसञ्चार प्राधिकरणको सहकार्यमा दुई वर्षअघि सो विद्यालयमा सूचना प्रविधि प्रयोगशालाको स्थापना गरिएको थियो । प्रयोगशाला स्थापनाका लागि २४ वटा कम्प्युटरलगायत आवश्यक उपकरणका साथै विभिन्न सामग्री विद्यालयलाई हस्तान्तरण गरिएको थियो ।